वर्ष : १५, अंक : ३, काठमाडौं, २०७६ बैशाख २० गते शुक्रबार, 3 May 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## नाम र राजधानीको प्रतिवेदन हस्तान्तरण



जनकपुरधाम । प्रदेश नं. २ को नाम र स्थायी राजधानीबारे सुझाव संकलन गर्न गठित सम्वाद तथा सुझाव आयोगले आफ्नो प्रतिवेदन बिहीबार प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गरि आयोगका अध्यक्ष डा. हरिवंश झाले मुख्यमन्त्री लालबाबु राउतलाई सो प्रतिवेदन हस्तान्तरण गरेका हुन् । प्रतिवेदन हस्तान्तरण पछि डा.हरिवंश झाले प्रदेशको नाम र राजधानी बारे जनता र जनप्रतिनिधिहरूको राय संकलन गर्न आठ वटै जिल्लाको सदरमुकाममा सार्वजनिक कार्यक्रमको आयोजना गरि जनप्रतिनिधि, नागरिक समाज, पेशागत संघ संगठन र सर्वसाधारण समेतको राय संकलन गरि प्रतिवेदन तयार पारिएको बताए । कार्यक्रममा मुख्यमन्त्री राउतले आयोगले जनभावना अनुरूप प्रस्तुत गरेको प्रतिवेदन माथि मन्त्रिपरिषद्मा छलफल गरि नाम र राजधानी सम्बन्धी प्रस्ताव प्रदेश सभामा लैजाने प्रतिवद्धता जनाए । कार्यक्रममा भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनल, आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादव, सामाजिक विकास मन्त्री नवल किशोर साह, मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा, सुझाव संकलन आयोगका सदस्यहरू सहितको उपस्थिति रहेको थियो ।

## मधेशमा गरिबी झन् बढ्यो : डा.राउत



काठमाडौं । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले मधेश दिनानुदिन गरिब हुँदै गएको तर्क गरेका छन् । काठमाडौंको त्रिभुवन विश्वविद्यालयमा आयोजना गरिएको एक कार्यक्रममा डा. राउतले १० वर्षकै अन्तरालमा मधेश झन गरिब हुँदै गएको बताए । त्रिभुवन विश्वविद्यालयमा जनमत विद्यार्थी संघले आयोजना गरेको 'सम्यक परिवर्तनमा युवा नेतृत्व सम्भावना र भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा उनले २०५८ साल भन्दा २०६८ सालमा मधेशको स्थितिमा धेरै फरक देखिएको बताए । तराई मधेशको उत्पादनको आयलाई सदुपयोग गर्न नसकेको कारण तराई मधेश अहिले गरिबीमा मारमा परेको उनले तर्क गरे । उत्पादनको आयलाई सही सदुपयोग गर्न नसकेको कारण तराई मधेश दिनानुदिन गरिबीको रेखातर्फ धकेलिँदै गएको अध्यक्ष राउतले उल्लेख गरे ।

बैदेशिक रोजगारीबाट आएको रेमिट्यान्स र उत्पादनबाट आएको आयलाई उत्पादनमा खर्च नगर्ने गरेको प्रवृतिले गर्दा मधेशमा गरिब बढ्नु स्वभाविक रहेको उनको धारणा छ । डा. राउतले वैदेशिक रेमिटयान्स र कृषिजन्य उत्पादन सहित अन्य उत्पादनबाट भएको आयलाई उत्पादनमै खर्च नगरी कार, घर, घडेरी, डिजल, पेट्रोल सहित करमा बढी खर्च गर्ने बानीका कारण पनि मधेशमा गरिबी बढ्दै गइरहेको बताए । 'हामीसँग भएको उत्पादनलाई जबसम्म निर्यात गरिदैन तबसम्म परिवर्तन हुँदैन, खाली किनेर लिने बानीलाई न्यून गर्न सके र आफ्ना उत्पादनलाई बाहिर पठाउन सके समाज सबल बन्ने पक्का छ,' उनले भने । मधेशको अर्थतन्त्रसहित देशकै अर्थतन्त्र बलियो बनाउका लागि आफ्नो उत्पादनलाई प्राथमिकता दिँदै आयातलाई न्यून गर्नुको अर्को विकल्प नरहेको उनले जीकिर गरे ।

## मधेशमा अर्को 'सरप्राइज'को तयारी

# यसरी हुँदैछ बाबुराम र उपेन्द्रको मिलन

मधेशवाणी डेस्क

काठमाडौं । राजपासँग एकताको प्रयास चलिरहँदा उपेन्द्र यादवको संघीय समाजवादी पार्टी र डा.बाबुराम भट्टराईको नयाँ शक्ति पार्टी नेपालबीच एकीकरणको तयारी लगभग अन्तिम चरणमा पुगेको छ । कुनै राजनीतिक संकट नआए सम्भवतः बैशाख २३ गते सोमबार उनीहरूबीच पार्टी एकताको घोषणा हुनेछ । पार्टी एकताको दौडमा रहेको राजपा यस प्रकरणबाट बाहिरिएको छ भने फोरम-राजपाबीच हुने भनिएको एकता नुहँदै यो अध्याय सकिएको छ । यद्यपी राजनीतिमा केही पनि असम्भव नहुने भनिए पनि के राजपा फोरम-नयाँ शक्तिको एकता पछि बन्ने नयाँ पार्टीसँग एकीकरण गर्ला त? टड्कारो प्रश्न पनि उब्जिएको छ । शायद राजपा नयाँ पार्टीसँगको एकीकरणमा सहभागी नहोला ।

अहिले यादव र भट्टराईको एकता प्रयासले राष्ट्रिय राजनीतिमा नयाँ तरंग सिर्जना गरेको छ । राष्ट्रिय राजनीतिमा विकल्पका रूपमा उदाउने यादव र भट्टराईको महत्वाकांक्षाका रूपमा राजनीतिक रूपमा अर्थ्याइएको छ ।

फोरम र नयाँ शक्तिले एकीकरण गरेर राजपालाई झस्काएको छ । भट्टराई र उपेन्द्र मिलेर राजनीतिक रंगमञ्चमा 'सरप्राइज' दिने गरी एकता प्रयास गरेका छन् । अघिल्लो वर्ष भएको स्थानीय निर्वाचन लगत्तै सुरू भएको एकता प्रयासले सफलता नपाएपछि दुवै दल झण्डै साढे एक वर्ष एकताको सम्बन्धमा निस्क्रिय जस्तै थिए । तर, केही अघिदेखि फेरि एकताको प्रयास सुरू भएको र एकताका लागि पहिले भन्दा सकरात्मक स्थिति बन्दै गएको छे । फोरमका एक नेताका अनुसार एकताको वातावरण सकरात्मक रूपमा अघि बढेको छ । तर विभिन्न शक्तिले खेलेर एकता प्रयास बिगारिदेलान् भनेर यसलाई गोप्य राखिएको छ । नयाँ शक्तिसँग एकता प्रक्रिया समारात्मक रूपमा अघि बढेपछि फोरमले वैशाखको २८, २९ र ३० गतेका लागि तय गरेको आफ्नो दोस्रो महाधिवेशन पनि स्थगित गरेको छ ।

अघिल्लो वर्ष भएको स्थानीय तह निर्वाचनमा खराव नतिजा आएसँगै दुवै दलले प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन अगावै पार्टी एकताको प्रयास गरेका थिए । तर,



नयाँ शक्तिका संयोजक डा.बाबुराम भट्टराई



फोरम अध्यक्ष उपेन्द्र यादव

सबै कुरा मिलेर पनि नेतृत्वका विषयमा कुरा नमिल्दा एकता हुन सकेको थिएन । डा. भट्टराई र यादव दुबैले पहिलो नम्बरको नेता बन्न खोज्दा समस्या आएको थियो ।

नयाँ शक्ति र फोरमबीच एकता भएमा प्रतिनिधि सभामा राजपाले पाएको तेस्रो ठूलो दलको ताज खोसिनेछ र भट्टराई-यादव नेतृत्वको नयाँ दलले यो ताज हात पार्नेछ । प्रतिनिधि सभामा १७ सिट सहित राजपा तेस्रो स्थानमा छ भने फोरम १६ सिट सहित चौथो ठूलो दलको रूपमा छ । तर प्रदेश २ मा चाहिँ फोरम नै सबैभन्दा ठूलो दलको रूपमा स्थापित छ ।नयाँ शक्तिसँग एकता भएमा प्रतिनिधि सभामा नयाँ दलको सांसद संख्या पनि १७ नै हुनेछ । तर, निर्वाचनमा प्राप्त मत र प्रदेश सभाको सिट संख्याको आधारमा नयाँ दल तेस्रो ठूलो दलको रूपमा रहनेछ ।यसपटक एकता प्रयासले मुर्त रूप लिएको भन्दै वैशाख २३ गते एकता घोषणाको तयारी भएको छ ।

नयाँ शक्तिका एक नेताका अनुसार वैशाख २० गते नयाँ शक्तिको सचिवालय बैठक बसेर फोरमसँग एकता गर्ने प्रस्ताव पारित गर्नेछ । २१ गते बोलाइएको केन्द्रीय समिति बैठकमा एकताको कार्यविधि पास गर्ने तयारी रहेको र २३ गते राष्ट्रिय सभागृहमा एक कार्यक्रमको आयोजना गरेर एकता घोषणा गर्ने तयारी छ ।

### नेकपाको मोडलमा एकता

एकता नेपाल कम्युनिस्ट पार्टीले अवलम्बन गरेको मोडालिटीमा गरिदैछ । एकीकृत पार्टीको अध्यक्षमा पूर्वप्रधानमन्त्री भट्टराई रहने छन् भने कार्यकारी अध्यक्ष यादव रहने मोटामोटी सहमति भएको छ । दुई अध्यक्ष रहने, भट्टराईलाई वरीयतामा माथि राख्ने र पार्टीको कार्यकारी अधिकार विभाजन गर्ने विषयमा दुवै पार्टी सहमत छन् । दुवै पक्ष २५ सदस्यीय राष्ट्रिय कार्यकारी परिषद् बनाएर पार्टी एकीकरण गर्न तयार भएका छन् । २५ सदस्यीय परिषदमा१६ जना फोरम नेपालबाट तथा ९ जना नयाँ शक्तिका तर्फबाट रहने छन् ।

### सरकार नै समस्या

फोरम सत्तारूढ पार्टी हो । सरकारमा उपप्रधानमन्त्रीका रूपमा फोरमका अध्यक्ष यादव छन् । त्यस्तै शहरी विकास मन्त्रालय फोरमकै मोहम्मद इश्तियाक राईको जिम्मेवारीमा छ । फोरम र राष्ट्रिय जनता पार्टी नेपालको साझा माग संविधान संशोधन गर्नुथियो । संविधान संशोधनका लागि सरकारसँग दुईतिहाइको सुविधाजनक मत हुनुपर्छ भन्ने तर्कका आधारमा राजपाले सरकारलाई समर्थन गरेको हो ।

संविधान संशोधन हुने छाँटकाँट नदेखिएपछि केही महिनाअघि राजपाले सरकारलाई दिएको समर्थन फिर्ता लियो । यद्यपि फोरमको सहभागितामा सरकारसँग दुईतिहाइको सुविधाजनक अंकगणित त छ तर प्रधानमन्त्री केपी शर्मा ओली र नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल अहिल्यै संविधान संशोधन गर्ने मुडमा छैनन् ।

एकता भएपछि सरकारमा सामेल भइरहने या सरकार छोडेर प्रतिपक्षीको बेन्चमा बस्न जाने भन्ने विषयमा अझै छलफल चलिरहेको छ । भट्टराईले सरकार छोड्नुपर्ने माग राखेका छन् । फोरमले भने यस विषयमा निर्णय लिएको छैन । यद्यपि सरकारकै कारण एकता प्रक्रिया नरोकिने फोरमका नेताहरू बताउँछन् ।

### राजपाको भविष्य

गत मङ्सिरमा विचार मिल्नेसँग एकता गर्ने भन्दै फोरमले राजपालाई पत्र लेखेको थियो । त्यसमा विचार र मुद्दा मिल्नेहरू एक हुनुपर्ने र संविधान संशोधनका लागि संयुक्त दबाब दिनुपर्ने उल्लेख थियो । पत्र पाएको धेरै समयसम्म राजपा चुप बस्यो । अध्यक्षको संख्या मात्रै ६ जना भएको राजपाले आफू जत्तिकै शक्तिशाली पार्टी फोरमसँग एकताका गर्दा नेतृत्वको संरचना मिल्ने आंकलन नै गर्न सकेन । राजपा मौन रहेकै अवस्थामा फोरमले दोस्रोपटक नयाँ शक्तिसँग एकता गर्ने प्रयास थालेको हो ।

तर पृथकतावादी अभियान चलाइरहेका डाक्टर सीके राउतले सरकारसँग ११ बुँदे सहमति गर्दै राष्ट्रिय राजनीतिमा आउने घोषणा गरेसँगै महिनौंपछि राजपाले फोरमको पत्रको जबाब दियो । यसबाट राउतको आगमनसँगै राजपाको मनोविज्ञान बदलिएको संकेत देखिएको थियो । त्यसैले हतार हतार उसले पनि पत्र त पठायो तर एकता वार्ता गर्न फोरमले चासो देखाएन । परिणमतः फोरम-राजपा एकता पत्रमै सिमित रह्यो ।

## "जनता आवास" निर्माण छिट्टै

वीरगन्ज । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले सोमबार बारा जिल्लाको हावाहुरी प्रभावित क्षेत्रमा पुनर्निर्माणका लागि नेपाली सेनाले सञ्चालन गर्ने अपरेशन 'जनता आवास' (बारा र पर्सा जिल्ला) को स्थलगत निरीक्षण गरेका छन् । मन्त्री पोखरेलले निरीक्षण गर्नुका साथै स्थानीय जनप्रतिनीधि र हावाहुरी पिडितसँग अन्तरक्रियासमेत गरेका छन् । हावाहुरी प्रभावित क्षेत्रको निरीक्षणको क्रममा उपप्रधान तथा रक्षामन्त्री पोखरेलले बारा र पर्साका हावाहुरी प्रभावित क्षेत्रका विभिन्न १२ ठाउँमा नेपाली सेनाले १२ वटा समूह बनाएर एकै पटक घर निर्माणको काम थालनी गरि आउँदो वर्षा अगावै सम्पन्न गर्ने बताएका छन् । हावाहुरी प्रभावितका लागि नेपाली सेनाले गर्न लागेको घरनिर्माण कार्यमा कुनै पनि नीतिगत कुरा तथा राजनीतिक दवावले प्रभाव नपार्ने समेत उनले बताएका छन् । सोही अवसरमा प्रधानसेनापति पूर्णचन्द्र थापाले मन्त्रिपरिषद्ले गरेको निर्णयानुसार हावाहुरीबाट पीडित प्रत्येक परिवारलाई एउटा भान्छा र शौचालयसमेत हुने गरी दुईकोठे घर निर्माण गरिने बताएका छन् । उक्त निरिक्षण भ्रमण कार्यक्रममा रक्षा सचिव रेश्मीराज पाण्डे, बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाली सेनाका रथीबृन्द, उपप्रधान तथा रक्षामन्त्रीको निजी सचिवालयका स्वकीय सचिव, स्थानीय जनप्रतिनिधि, नेपाली सेनाका अधिकृतहरू, हावाहुरी पिडित र सञ्चारकर्मीहरूको समेत उपस्थिति रहेको थियो ।




**समय-सन्दर्भ**

निमिष झा



## मधेश र चीन

**मधेशी दलहरूसँग चीनले सम्बन्ध बढाउँदै लैजानु भनेको मधेशी दलहरूप्रति चीनको हेर्ने दृष्टिकोणमा परिवर्तन आउन थालेको संकेतको रूपमा बुझिएको छ ।**

राष्ट्रपति विद्यादेवी भण्डारी वैशाख ११ देखि १८ गतेसम्म उत्तरी छिमेकी चीनको ८ दिने भ्रमण पूरा गरेकी छिन् । चिनियाँ राष्ट्रपति सी जिङपिङको मैत्रीपूर्ण निमन्त्रणामा राष्ट्रपति भण्डारी नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै चीन प्रस्थान गरेकी थिइन् ।

गणतन्त्र स्थापनापछि चीनले पहिलो पटक नेपालका राष्ट्रपतिलाई बेइजिङमा रेड कार्पेट बिच्छ्याएको हो । चीनमा अप्रिल २५ देखि २७ सम्म आयोजना भएको दोस्रो अन्तर्राष्ट्रिय साझेदारीका लागि बेल्ट एण्ड रोड फोरम अवसर पारेर राष्ट्रपति भण्डारीको राजकीय भ्रमण भएको हो ।

राष्ट्रपतिको चीन भ्रमण सम्पन्न भएपछि त्यसलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । कतिपयले राष्ट्रपतिको चीन भ्रमण सफल र सार्थक भएको बताएका छन् भने केहीले एउटा औपचारिकता मात्र भएको टिप्पणी गरेका छन् ।

यद्यपी राष्ट्रपतिको चीन भ्रमणको प्रसंग उल्लेख गरिए पनि चीनले मधेशलाई हेर्ने दृष्टिकोणको बारे यहाँ चर्चा गरिएको छ । वस्तुतः चीनले मधेशप्रति कस्तो धारणा राख्छ र उसले कसरी मधेशलाई बुझेको छ भन्ने बारे व्याख्या र विश्लेषणा कमै पाइन्छ । यस्तै मधेशले पनि चीनलाई कसरी चिनेको छ भन्ने बारे कमै चर्चा हुने गरेको छ । तर पछिल्लो केही वर्षदेखि मधेशप्रति चीनको चासो ह्वातै बढेको पनि पाइन्छ भने मधेशमा उसको गतिविधि पनि बढेको छ । यसैगरी मधेश दल र नेताहरू, जो पहिला भारतलाई मात्र हेर्ने गर्थे, अहिले चीनतिर पनि हेर्ने गरेका छन् । यसको गतिलो उदाहरण २०७४ चैत ११ गते संघीय समाजवादी फोरम नेपालका उपाध्यक्ष रेणु यादवको नेतृत्वको २० सदस्यीय टोलीले गरेको चीन भ्रमण हो ।

मधेशका दलबाट एकै पटक यतिको संख्यामा चीन भ्रमणमा जाने सम्भवतः यो पहिलो पटक हो । त्यसपछि पनि भएका विभिन्न चिनियाँ भ्रमणमा फोरम नेपालका प्रतिनिधिहरू सहभागी हुँदै आएका थिए । तर राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका कुनै पनि नेता अहिलेसम्म चीन भ्रमणमा सहभागी भएका छैनन् ।

राजपा नेपालका नेताहरूलाई चीन भ्रमणमा जानका लागि निमन्त्रणा नआएको पनि होइन । तर उनीहरू चीनतिर जान रूचि देखाएका छैनन् । तर पछिल्लो समय राजपा नेपालका नेताहरूले पनि चीनसँग राम्रो सम्बन्ध बनाएउन थालेका छन् । चिनियाँ अधिकारीसँग उनीहरूको उठबस राम्रो हुँदै गएको छ । कतिसम्म भने मधेशको विकासका लागि चिनियाँ प्रोजेक्ट र अनुदान ल्याउन पनि थालिसकेका छन् । विगत २० वर्षदेखि चीनमा बस्दै आएका धनुषाका डा. राजीव झा चीनसँग राजपालाई सम्बन्ध स्थापित गराउन प्रयास गरिरहेका छन् । उनी यो कार्यमा धेरै हदसम्म सफल पनि भएका छन् । 'चाइना नेपाल फ्रेन्डसिप मेडिकल रिसर्च सेन्टर'का निर्देशकसमेत रहेका डा. झा राजपा नेपालका नेताहरूसँग निरन्तर भेटेर चीन-मधेश सम्बन्धको विषयमा ब्रिफिङ गरिरहेका छन् ।

सोही सिलसिलामा डा. झाले गत वर्ष माघ १९ गते राजपा नेपाल अध्यक्षमण्डलका सदस्य महन्थ ठाकुरलाई

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय



# एकीकरणको हल्ला

फुटाउन पछि नपर्ने मधेशी दलको एकता प्रसंग यतिबेला फेरि चर्चाको विषय बनेको छ। गत महिना संघीय समाजवादी फोरम र राजपा नेपालबीच एकीकरणको चर्चा खुबै चल्यो। दुबै पार्टीले उत्साहित भएर एक अर्कालाई पत्र आदान-प्रदान पनि गऱ्यो, प्रेमीप्रमिका जस्तै। तर त्यसले सार्थक रूप ग्रहण गर्न नपाउँदै 'ट्राजेडी' भएको छ। फरक सिद्धान्त तर उद्देश्य एउटै भएका दुई मधेशी दलको एकीकरण प्रसंगले स्वयम् मधेशी जनता आश्चर्यमा परेका छन्। मधेशी राजनीतिलाई नजिकवाट नियालेकाहरू पनि यी दुई मधेशी दलबीच सुरू भएको एकीकरण प्रयासलाई अचम्म परेका छन्।
गत वर्ष भएको चुनावअघि चुनावी तालमेल गर्न समेत तयार नभएका फोरम र राजपा नाटकीय एकीकरणको प्रयास निरर्थक तुहिएको छ। फोरम र राजपाबीचको एकीकरण प्रयास कृत्रिम रहेको पनि कतिपयको टिप्पणी छ। ६ वटा पार्टी मिलेर बनेको राजपा अहिले आफैं अस्तव्यस्त छ। एक वर्षभित्र महाधिवेशन गरिसक्ने कबुल गरेको उसले दुई वर्ष लाग्दा पनि गर्न सकेको छैन। महाधिशवेनको भाका सर्दै जाँदा हुने कि नहुनेमा पनि संशय छ।
राजपाभित्र शीर्ष नेतृत्वको किचलो सतहमा आइसकेको छ। सबै शीर्ष नेताहरूलाई पार्टी सञ्चालन गर्ने महत्वाकांक्षा र गुटबन्दीका कारण राजपा अहिलेसम्म पनि पूर्ण पार्टीका आकार ग्रहण गर्न सकेको छैन। यस्तो अवस्थामा फोरमसँग एकीकरणको प्रयास गर्नु हास्यास्पद नै देखिन्छ। एकातिर दुई मधेशी दलबीच एकीकरण प्रयास सुरू भएपनि अर्कोतर्फ उनीहरू भित्रै भुसको आगोझैं असन्तुष्टि चुलिँदै गएको छ।
टुटफुटका कारण मधेशी दलको शक्ति क्षयीकरण भइरहेको समयमा एकतावद्ध भएर आउनु आफैमा सकारात्मक पाइला हो। वस्तुत: एकीकरणले दुईवटा सन्देश दिन्छ। पहिलो एकतामा शक्ति छ भन्ने सन्देश, अर्को फुटेका कारण टाढा भएका कार्यकर्ता र सहानुभूति राख्नेहरूलाई संगठित गर्ने काम पनि यसले गर्छ।
यता, अहिले फोरम नेपाल र बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिबीच पनि एकताको कसरत भइरहेको छ। फोरमले एकै साथ राजपा र नयाँ शक्तिसँग एकीकरणको प्रयास चाल्नु उसको रणनीतिक शैली हो। अहिले उसले राजपालाई छाडेर नयाँ शक्तिसँग 'प्रेम' गर्नु रणनीतिक र राजनीतिक चाल हो। नयाँ शक्तिसँगको एकता प्रयास भित्रभित्रै चलिरहेको कुरा राजपाले थाहा नपाउनु उसको राजनीतिक कमजोरी हो। राजपा नेपाल अहिले प्रतिपक्षी दल हो भने फोरम नेपाल सत्ता साझेदार दल हो। प्रदेश २ मा राजपा र फोरमको संयुक्त सरकार छ। आफ्ना मागहरू पूरा नगरेको भन्दै राजपा नेपालले सरकारको कडा रूपमा आलोचना गर्दै आइरहेको छ भने संघीय समाजवादी फोरम नेकपा नेतृत्वको सरकारले गरेका कतिपय निर्णयमा फरक मत राख्दै आएको छ।

**मधेशमा अब जन्मिने वैकल्पिक शक्ति राज्यसँग वार्ता वा सहमति सम्झौतामा अल्झिदैंन उनीहरूको आन्दोलनले अलगाववादीलाई बल पुऱ्याउँछ जसले गर्दा अहिले मधेशको मुद्दालाई लिएर राजनीति गरिरहेका दलहरूको अस्तित्व समाप्त हुन्छ।**

नेपाली राजनीतिको मुख्य थलो भनेको मधेश नै हो। अहिले ठूला दलका रूपमा उदाएका नेपाल कम्युनिष्ट पार्टी र कांग्रेसको उदय पनि मधेशबाट नै भएको थियो। धेरै जनसंख्या हुनु, भौगोलिक सुगमता, संगठन विस्तारमा सजिलो, अन्य थुप्रै विषयहरूमा सहजता जस्ता कारणहरूले गर्दा पनि हरेक राजनीतिक दलहरूले मधेशलाई आफ्नो राजनीतिको उर्वर भूमिको रूपमा प्रयोग गर्दै आए। विभिन्न मुद्दाहरू उठाई राजनीतिमा आफ्नो पहिचान बनाउन खप्पिस भइसकेका दलहरू हरेक समयमा आन्दोलनका लागि मधेशी जनतालाई प्रयोग गर्ने र अन्तिम अवस्थामा मधेशको मुद्दालाई सरकारसँग बेचेर आफू सत्तामा जाने गरेको यथार्थ अब मधेशी जनतबाट लुक्न सक्दैन। छुट्टा-छुट्टै दल हुँदा होस् वा एकीकरण भएपछि होस्, मधेशका राजनीतिक दलहरूको उद्देश्य मधेशको मुद्दा लिएर सत्ता प्राप्त गर्नु नै हो। पटक पटक बेइमानी गरेका दलहरूलाई अब धेरै समय मधेशी जनताले कुर्नेवाला छैनन्। अब मधेशमा वैकल्पिक राजनीतिक शक्तिको आवश्यक्ता महसुश हुन थालेको छ।
मूलधारका राजनीतिक दलहरूले पनि अब मधेशको मुद्दा सम्बोधनमा ध्यान दिनुपर्छ। राष्ट्रिय अखण्डतालाई कायम राख्दै 'समृद्ध नेपाल सुखी नेपाली' को अभियान अघि बढाउने हो भने मधेशको मुद्दालाई छाडेर अगाडि बढ्न सकिन्न। मधेशमा बढ्दै गएको अलगाववादी राजनीतिलाई हटाउन मधेशको मागहरू समयमा नै सम्बोधन गराउन आवश्यक छ। किनकी मधेशमा अब जन्मिने वैकल्पिक शक्ति राज्यसँग वार्ता वा सहमति सम्झौतामा अल्झिदैंन उनीहरूको आन्दोलनले अलगाववादीलाई बल पुऱ्याउँछ जसले गर्दा अहिले मधेशको मुद्दालाई लिएर राजनीति गरिरहेका दलहरूको अस्तित्व समाप्त हुन्छ।

## साताको सात बात



मधेशमा अहिले चलिरहेको सरकार मधेशी जनताको हित अनुकुल छैन। तराई मधेशमा पनि कम्युनिष्ट पार्टीकै नेतृत्वमा सरकार बन्ने हो भने मात्र त्यो त्यहाँको जनताको हितमा हुनसक्छ। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



कम्युनिस्ट सरकारलाई संविधान संशोधन गरेर बाँकी अधिकार स्थापित गर्न र संविधानमा रहेको विकृति हटाएर मुलुकलाई सहज बाटोमा अघि बढाउन दिएको अवसरलाई कमजोरीको रूपमा लिए सडक आन्दोलनको विकल्प रहँदैन। **उपेन्द्र यादव, उपप्रधान तथा स्वास्थ्यमन्त्री एवम् अध्यक्ष, फोरम नेपाल**



सरकारलाई असफल बनाउने प्रयास भइरहेको छ। देश सुधारका प्रयासहरू सहन नसकेर केही शक्तिहरूले विभिन्न प्रोपोगाण्डा गरी सरकारलाई असफल बनाउन खोजिरहेका छन् तर, देश बनेरै छाड्छ। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



नेपाललाई समृद्ध बनाउने दायित्व स्वदेशी निर्माण व्यवसायीकै हो। ऐन नियम संशोधन गरेर भएपनि व्यवसायीको समस्या समाधान गर्न प्रतिबद्ध छु। विगतको एकतात्मक शासनकालमा रहेका ऐन तथा नियमावली संशोधन गर्नुपर्छ। तर, व्यवसायीमाथि मात्र दोष थुपार्नु ठिक होइन, गल्ती गर्ने कर्मचारीलाई पनि कारवाही गरिन्छ। **रघुवीर महासेठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री**



बारा, पर्सा र धनुषामा हावाहुरीका कारण भएको क्षतिको उचित व्यवस्थापन हुनुपर्छ। हावाहुरी पीडितको घर बनाउने जिम्मा सेनालाई होइन प्रदेश सरकार र स्थानीय तहलाई दिनुपर्छ। **अनिलकुमार झा, अध्यक्षमण्डलका सदस्य, राजपा नेपाल**



राजपा र फोरम दुवै पार्टीको महाधिवेशन भएर एकीकरण भयो भने त्यो फलदायी र दीर्घकालीन हुनेछ। त्यसैले एकीकरण प्रक्रियामा जानुभन्दा पहिले राजपा नेपालले आफ्नो विधिवत महाधिवेशन गरिसक्नुपर्छ। अहिलेको अवस्थामा दुई दलबीच एकीकरण कठिन छ। **वृषेशचन्द्र लाल, नेता, राजपा नेपाल**



राजपा नेपाल प्रचुर सम्भावना भएको पार्टी हो। अहिलेसम्म जे जस्तो अवस्थामा भए पनि जनतासँग उभिएको एक मात्र पार्टी राजपा नेपालले नै हो। तर पार्टीमा धेरै कुरा सुधार गर्नुपर्ने आवश्यकता छ। **डा. सुरेन्द्र कुमार झा, सह-महामन्त्री, राजपा नेपाल**

# बढ्दो नारी हिंसा



मिना गुप्ता

**नारी सहनशिलताको अझ परीक्षा नलेउ भनेर सबैलाई होसियार गर्नु पर्दछ। तसर्थ, समयमै नारी हिंसाको अन्त्य गर्नुपर्दछ नत्र भने हाम्रो समाज विकृतीको बाटोमा पुगी रोगी हुनेछ।**

नारी ईश्वरको अद्भुत रचना हो। नारीलाई देवीको प्रतीक मानिएको छ। नारी रचनाको खानी हो। नारीले नौं महिनासम्म बच्चालाई आफ्नो गर्भमा राख्छिन्। नौं महिना पश्चात बच्चाको जन्म दिन्छिन् र हुर्काउँछिन्। जन्म र पालनपोषणको साथसाथै संस्कारले आफ्नो बच्चालाई श्रृङ्गारले कार्य पनि गर्दछिन्। आफ्नो बच्चाको खुशी हेर्दा प्रसुतीको व्यथा समेत बिर्सने गर्छिन्। अत: नारीले यस संसारमा रचना अर्थात सृजनाको भार बहन गर्छिन्। त्यसकारण नारी साच्चै नै महान हुन्छिन्।

हाम्रो पितृसत्तात्मक वा पुरूष प्रधान समाजले नारीको साहस, सक्षमता र योगदानलाई रत्तिभर पनि सराहना गरेको पाइदैन। दुई चार नारीले उच्च पद हासिल गर्दैमा सम्पूर्ण नारीको परिवेशलाई औल्याउन सकिन्न। केही नारीहरूले आफ्नो सही मूल्याकंनको आधारमा नाम र प्रसिद्धि कमाएका छन् भन्दैमा सम्पूर्ण नारीलाई मापन गर्न कदापी मिल्दैन। अझ पनि हाम्रो समाजमा नारीको अवस्था दयनीय छ। हाम्रो समाज नारी हिंसाले ग्रसित छ। नारीले पाउने अधिकार र सम्मानमा अझ पनि कमी कमजोरीहरू छन्।

महिला आरक्षण दिँदैमा नारीलाई मूल प्रवाहमा समावेशीकरण गर्न सकिन्न। केहीलाई सकिएला तर सम्पूर्णलाई कदापी होइन। महिलालाई आरक्षण होइन, अवसर चाहिन्छ। महिला पुरूषभन्दा कम क्षमतावान हुँदैनन्। महिलालाई आरक्षणमा मात्र सीमित गर्नु भनेको महिलाभित्रको क्षमतालाई उजागर नगर्नु हो। महिलाई आरक्षणको साटो आत्मनिर्भर बनाउनेतिर खालका योजनाहरू ल्याउनुपर्छ।

घरको कामको बोझ, बच्चाको पालनपोषणको जिम्मेवारी, घरायसी समस्या आदि इत्यादीको बोझ हुँदाहुँदै पनि नारीले भ्याएसम्म अग्रता हासिल गर्ने कोशिसमा लागि रहेकै छिन्। तर पनि उसैलाई पाखा लगाउने प्रवृत्ति बढ्दो छ। यदि यस्तो नभएको भए पटक पटक नारी हिंसाका घटनाहरू दोहोरिने थिएन होला। कहिले बलात्कार त कहिले मरन्नासन्न हुने गरि कुटपिट, कहिले जिउँदै जलाउने प्रयासहरू भइरहेका छन्।

वीरगन्जमा सुनिता यादवलाई उनकै श्रीमान डा.सचितानन्दले मरन्नासन्न हुनेगरि कुटपिट गर्नु र अस्पतालमा मृत्यू हुनु तथा सिरहाको कल्याणपुरमा कंचन मण्डललाई जिउँदै जलाएर मार्नु यस्ता नारी हिंसाका ताजा घटनाहरू उदाहरणहरू छन्। अझ निर्मला पन्तको बलात्कार पछि हत्याले त झन् मर्माहित तुल्याएको छ। यी सबै नकारात्मक सोच र रूढीवाढी परम्पराका उपजहरू छन्। बेतलबी नौकरको रूपमा नारीलाई लिने प्रयास गरिएको छ। दिनभरि काम गर्ने तर खाना खाने बेलामा सबैभन्दा पछि खानुपर्ने रे, कहिलेसम्म नारीलाई थिचेर राख्ने हो यो समाज ? नारीलाई तुच्छ ठान्ने रोगी समाजलाई जरैदेखि उखालेर फाल्नुपर्दछ।

तराई मधेशमा खासगरी दिनहुँ महिला हिंसाका घटनाहरू बाहिर आउने गरेका छन्। तराई मधेशमा दाइजो प्रमुख कारकको रूपमा देखिएको छ भने पहाडमा पनि विभिन्न किसिमका महिला



प्रताडनाहरू हुन्छन्। मधेशमा महिला हिंसाको प्रमुख कारण दाइजो प्रथालाई मान्न सकिन्छ। तराईतिर यो समस्या बढी देख्न पाइन्छ। छोरीलाई बिहे गर्दा दाइजो दिनुपर्ने अवस्था छ। जसले गर्दा छोरीलाई राम्ररी पढाउन पनि गाह्रो छ। अझ छोरीलाई बढी पढाएमा बढि दाइजो दिनुपर्ने अवस्थाको सृजना भएको छ। बरू कम पढाएमा कम दाइजो दिनुपर्छ भन्ने मानसिकता देखा परेको छ। यसले गर्दा महिला शिक्षामा ह्रास आएको पाइन्छ। यति मात्र कहाँ हो र दाइजो तिरिसकेपछि पनि छोरीलाई सुख छैन। उल्टै उसलाई मानसिक तनावको सामना गर्नुपर्दछ।

यसैगरी, पहाड तथा हिमालमा पनि दिनहुँजसो महिला हिंसाका घटनाहरू हुने गरेका छन्। त्यतातिरका घटनाहरू त्यति सार्वजनिक हुँदैन। पहाडमा सबभन्दा बढी प्रताडित छन् महिलाहरू छाउ प्रथाबाट। छाउगोठमा बस्दा कतिपय महिलाहरूले अकालमै ज्यानसमेत गुमाउने गरेको घटनाहरू पनि बाहिर आएकै छन्। त्यस्तै, बलात्कारका घटनाहरू पनि धेरै हुने गरेका छन्। त्यस्ता सामाजिक अपराधीहरूलाई कडाभन्दा कडा सजाय दिनु पर्दछ।

महिला हिंसाविरूद्ध नेपालको संविधानमा पनि कडा कानूनहरू छन्। तर के ती कानून आइसक्दा पनि महिला हिंसा न्यूनीकरण भएको छ त ? किन संवैधानिक अधिकार महिलाले उपयोग गर्न सकिरहेका छैनन् ? बोक्सीको नाममा महिलामाथि हिंसा गर्नेलाई कानूनी कारबाही हुने भनिएको छ तर किन भइरहेको छैन ?

यो एक्काइसौं शताब्दीमा महिला र पुरूष, छोरा र छोरीबीचको भेदभाव अहिले पनि समाप्त हुन सकिरहेको छैन। नारी पुरूषभन्दा पनि बढी सक्षम हुन्छिन् भन्ने कुरा विज्ञानले पनि सावित गरेको अवस्थामा नारीलाई तुच्छ ठान्ने जो कोहीलाई पनि माफ गर्न सकिन्न।

म स्वयं नारी भएको नाताले नारीको पीडाको बारेमा बारम्बार सामाजिक संजालबाट थाहा पाउँदा सहन गाह्रो महसुश भएको छ। नेपालमा सामाजिक सञ्जालको विकास भएसँगै यस्ता घटनाहरू बाहिर बढी आउने गरेको देखिन्छ।

नारीमाथि भएको अत्याचार, हिंसा, शोषण आदिको विरूद्धमा हामी सम्पूर्ण नारी एकजुट भएर आवाज उठाउने बेला आएको छ। घर घरमा यस्ता नारी हिंसाका घटनाहरू घटिरहेका छन्। आज अरूसँग घटेको छ भने भोली हामीसंग पनि घट्न सक्छ। त्यसकारण त्यस्ता सामाजिक अपराधीहरूलाई बेलैमा खबरदार गर्नुपर्दछ। स्वयं नारीले पहिले त्यस्को प्रतिकार गर्नै पर्दछ।

नारी सहनशिलताको अझ परीक्षा नलेउ भनेर सबैलाई होसियार गर्नु पर्दछ। तसर्थ, समयमै नारी हिंसाको अन्त्य गर्नुपर्दछ नत्र भने हाम्रो समाज विकृतीको बाटोमा पुगी रोगी हुनेछ। सम्बन्धित पक्षहरू, जसले नारी हिंसाको रोकथाममा आफ्नो योगदान पुऱ्याएका छन्। तिनीहरूको पनि उतिकै खाँचो छ। हाम्रो सरकारले पनि कडाभन्दा कडा कानुनको व्यवस्था गरी नारी हिंसाका घटनाहरूलाई रोक्ने प्रयास गर्नुपर्ने देखिन्छ। हुन त सरकारले महिला हिंसाका विरूद्ध कानूनहरू नल्याएको होइन, तर ती कानूनहरू सशक्तरूपमा कार्यान्वयन भएको छैन। कानून जस्तोसुकै आएपनि कार्यान्वयन नभएसम्म त्यसको कुनै महत्व हुँदैन। तसर्थ, नारीको विभिन्न रूपहरू हुन्छन्। सम्मान गर्ने बानी बसालौं।

*(लेखिका महिला अधिकारकर्मी हुन्)*

# नागरिकताको विषयलाई विभेदकारी बनाउन मिल्दैन : साझा विवेकशील

काठमाडौं। हाल जारी नागरिकताबारेको बहस र विवादका सम्बन्धमा केही समययता देखिएको आम चासोबारे साझा विवेकशील पार्टीको ध्यानार्षण भएको छ।

विवेकशीलले मंगलबार एक विज्ञप्ति जारी गरी नागरिकताको विषयलाई व्यक्तिभन्दा माथि राखेर देशको बृहत्तर हितको परिप्रेक्ष्यमा हेरिनु पर्ने धारणा राखेको छ।

नेपाली नागरिकता पाउन योग्य कुनै पनि नागरिकलाई नागरिकताबाट बञ्चित गरिनु हुँदैन भन्ने विवेकशीलको धारणा छ। 'पुरूष र महिलाका बीच नागरिकताको विषयलाई विभेदकारी बनाउन मिल्दैन। पुरूष र महिला दुबै समान अधिकारको हकदार छन्।' विवेकशीलले विज्ञप्तिमा उल्लेख गरेको छ।

हाल नेपाली पुरूषले विदेशी महिला विवाह गरे उनले तुरून्तै नागरिकता पाउने तर नेपाली महिलाले विदेशी पुरूषसँग विवाह गरे ती पुरूषले नागरिकता लिन कठिन हुने प्रावधान विद्यमान छ।

सो प्रावधान विवेधकारी रहेको विवेकशीलको ठहर छ। संसारका अन्य कैयौं लोकतान्त्रिक र विकशित देशहरूको नागरिकतासम्वन्धी प्रावधानहरू हेर्ने हो भने कुनै पनि विदेशीले नागरिकता पाउन एउटा निश्चित अवधी सो देशमा स्थायी बसोबास गरेको र अन्य कतिपय शर्तहरू पुरा गरेको हुनु पर्छ। नेपालका लागि पनि त्यस्तै व्यवस्था गर्नु उचित हुन्छ।

साझा पार्टी नेपालीसँग विवाह गर्ने पुरूष या महिला जो भए पनि उनीहरूले नेपाली नागरिकता पाउनुअगाडि सात वर्ष नेपालमा स्थायी बसोबास गरेको हुनु पर्छ भन्ने धारणा राखेको छ।

नागरिकता नपाउँदासम्म पारिवारिक सम्बन्ध व्यवस्थापन गर्न, कानूनीरूपमा निर्वाह गर्नुपर्ने भूमिका निर्वाह गर्न र अन्य अत्यावश्यक कार्यहरू गर्नका लागि विशेष परिचय पत्र प्रदान गर्न सकिन्छ। त्यसो गर्दा महिला र पुरूषबीच नागरिकता वितरणमा रहेको एउटा प्रमुख विभेद अन्त्य हुन्छ। साथसाथै, नागरिकताको विषयलाई नेपालमा जसरी हलुका र अत्यधिक खुकुलो बनाइएको छ त्यसको जोखिम कम गर्न सकिन्छ।

आमाको नाममा नागरिकता लिँदा बुवाको पहिचान खुलाउनु पर्ने व्यवस्था विभेदकारी छ। बुवाको नाममा नागरिकता लिँदा बुवाले आमाको परिचय खुलाउनु नपर्ने तर आमाले भने बुवाको परिचय खुलाउनु पर्ने व्यवस्था मान्य हुन सक्दैन। संभव भए दुबैको परिचय खुलाउनु उपयुक्त हुन्छ। संभव नभए, दुबैका हकमा समान कानूनी व्यवस्था हुनुपर्छ। तर कसैले नागरिकता प्राप्त गर्नकै लागि गलत सूचना दिएको भेटिएमा कुनै पनि बेला कानुन बमोजिम कारवाही गरि उक्त नागरिकता खारेज गरिनु पर्छ।

जन्मका आधारमा नागरिकताको हकदार हुनसक्ने मिति बारम्बार सारिरहनु उचित हुँदैन। साथै नागरिकता जस्तो सम्वेदनशील बिषयमा साँघुरो राजनीतिक स्वार्थका लागि पटक(पटक गंभिर प्रकृतिका निर्णय गर्ने प्रवृत्ति राष्ट्रियहितमा हुनै सक्दैन।

# प्रदेश २ को गठबन्धन टुट्दैन

नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री प्रचण्डले प्रदेश २ मा पनि नेकपाकै सरकार आवश्यक रहेको भन्ने अभिव्यक्ति दिएपछि प्रदेश २ का सत्तारूढ दलहरू फोरम र राजपाले कडा आलोचना गरेका छन् । प्रदेश २ को सरकार मधेशी जनताको हितमा काम नगरेकोले अब नेकपाकै सरकार बन्ने प्रचण्डको दावीलाई प्रदेश २ का आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले त्यसको कुनै सम्भावना नरहेको बताएका छन् । उनले प्रदेश २ मा फोरम र राजपाबीचको गठबन्धन नटुट्ने दाबी गरेका छन् । प्रदेश २ को सत्ता समीकरण, फोरमको महाधिवेशन तयारी, राजपा र नयाँ शक्तसँग एकीकरणको प्रक्रियालगायतका विषयमा मन्त्री यादवसँग मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंशः



## विजय यादव

### आर्थिक मामिला तथा योजना मन्त्री

**० नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश २ मा नेकपाको सरकार बन्ने किसिमका अभिव्यक्ति दिनुभएको छ, यसलाई तपाइँले कसरी लिनुभएको छ ?**

– प्रचण्डजीको यो व्यक्तिगत धारणा होला । उहाँ नेपाल कम्युनिष्ट पार्टीका अध्यक्षमध्ये एक हुनुहुन्छ र पूर्वप्रधानमन्त्री पनि हुनुहुन्छ । जनयुद्धदेखि अहिलेसम्मका उहाँका अभिव्यक्तिहरू हेर्दा त्यसमा कुनै तारतम्यता मिलेको देखिँदैन । उहाँले भनेजस्तै प्रदेश २ मा नेकपाको सरकार बन्ने अवस्था अहिलेसम्म छैन । उहाँले केही दिन पहिला पनि जनकपुरमै आएर यस्ता किसिमका कुराहरू गर्नुभएको थियो । तर, त्यो परिस्थिति आएन । नेपालको प्रधानमन्त्री भइसकेको मान्छे, परिवर्तनका वाहक जस्तो व्यक्तिले त्यत्रो जनयुद्धको उपलब्धिलाई नेकपामा विलय गरिदिनुभयो । पहिला त्यही प्रचण्डले अहिलेका प्रधानमन्त्री केपी ओलीलाई गालीगलोज गर्नु हुन्थ्यो । तर, अहिले उहाँसँगै पार्टी मिलाएर एउटै पार्टीमा बसिरहनुभएको छ । उहाँ नेपालको राजनीति परिस्थिति परिवर्तन गर्न माहिर हुनुहुन्छ । तर, प्रदेश २ मा उहाँको केही पनि चल्नेबाला छैन । हामी आफ्नो बाटोमा अगाडि बढिरहेका छौं । हामी संघीयता, लोकतन्त्र र गणतन्त्रलाई बचाउने अभियानमा छौं । अहिले संघीयतामाथि पनि खतरा देखिएको छ । प्रदेश २ को मात्रै होइन, सातै प्रदेशका मुख्यमन्त्रीहरू, स्थानीय प्रतिनिधिहरूले पनि यस्ता कुराहरू उठाइरहेका छन् । संघीयतालाई समाप्त पार्ने यस्ता किसिमका अभिव्यक्तिहरू आइरहेका छन् ।

**० प्रदेश २ मा नेकपाको सरकार बन्ने सम्भावना छ त ?**

– नेपालको राजनीतिक इतिहास हेर्दा १० वर्षभित्र व्यवस्था परिवर्तन हुँदै आएको छ । २०६२/६३ को जनआन्दोलन र मधेश आन्दोलनको मर्मअनुसार जुन संविधान बनाउने संकल्प थियो त्यसलाई जनयुद्धका शीर्ष नेताहरूले नै समाप्त पारिदिए । जनताको आकांक्षा विपरीत यो संविधान आएको हो । शासन गर्दै आएका केही सीमित व्यक्तिहरूलाई अहिले पनि यो व्यवस्था मन परेको छैन । संघीयता, लोकतन्त्र र गणतन्त्रलाई रक्षा गर्ने दायित्व फोरम नेपालको हो । हामी त्यही योजनाअनुसार अगाडि बढिरहेका छौं । संघीयतालाई समाप्त पार्ने षड्यन्त्र हामी सफल हुन दिँदैनौं ।

**० तपाइँकै पार्टीका अध्यक्ष उपेन्द्र यादव र नेकपाका अध्यक्ष प्रचण्डबीच प्रदेश २ मा सरकार बनाउने तयारी चलिरहेको छ नि ?**

– यो कुरा अफवाह हो । उपेन्द्र यादव भनेको संघीय सरकारका मन्त्री हुनुहुन्छ । हुनसक्छ, त्यस्तो प्रस्ताव राखिएको होला । फोरम नेपाल सैद्धान्तिक र वैचारिक पार्टी हो । सरकार परिवर्तनबारे प्रदेश २ कै समितिबाट हुन्छ । संघीय सरकारलाई फोरम नेपालले संविधान संशोधनका लागि अल्टिमेटमसमेत दिइसकेको छ । संविधान संशोधन गरेर हाम्रा असन्तुष्टिहरूलाई समेटिने प्रयास गरिएन भने हामी संघीय सरकारबाट बाहिर पनि आउन सक्छौं । फोरम नेपाल संविधान संशोधनका लागि संघीय सरकारमा सम्झौता गरेर गएको हो । फोरम नेपालको तीन 'स' को नीति छ, सडक, सदन र सरकार । अहिले पनि हामी यी तीनवटै ठाउँमा हाम्रो उपस्थिति छ । सरकारमा हुँदा पनि हामी संघर्षमै छौं । हामीले संघीय सरकारलाई संशोधनको सुनिश्चितता गर भनेर अल्टिमेटम दिएका छौं । हामीले संशोधनका लागि समयसीमा माग गरेका छौं । त्यसैले, प्रदेश २ मा नेकपासँग फोरमले सरकार बनाउँछ भन्ने कुरा वाहियात हो ।

**० तर, पूर्वप्रधानमन्त्री र सत्तारूढ दलका अध्यक्ष जस्तो व्यक्तिले प्रदेश २ मा नेकपाको सरकार बन्छ भन्ने किसिमका अभिव्यक्ति दिनुको केही न केही अर्थ त होला नि ?**

– प्रचण्डको अभिव्यक्ति पछाडि नलागौं हामी । प्रचण्डका यस्ता अभिव्यक्तिहरू पहिला पनि आउने गरेका थिए । प्रचण्डले विगतमा केपी ओलीलाई तथानाम गालीगलोज गर्नु भएकै हो । तर, अहिले केपी ओलीसँगै पार्टी मिसाएर एकै ठाउँमा हुनुहुन्छ । उहाँले प्रदेश २ मा नेकपाको सरकार बन्छ भन्ने अभिव्यक्ति दिनुभएको छ, त्यो कुन आधारमा बन्छ भन्ने कुरा उहाँलाई नै सोध्नुस् । तर, प्रदेश २ मा राजपा र फोरमबीचको गठबन्धन टुट्दैन । राखेका छौं ।

**० चुनावभन्दा पहिलादेखि एकताको प्रक्रिया भइरहेको छ, किन टुंगो लाग्न सकेन ?**

– फोरम नेपाल सैद्धान्तिक पार्टी हो, हामीले जुन नीति तय गरेका छौं त्यो नीति अनुसार अगाडि बढिरहेका छौं । एकता भनेको सानोतिनो कुरा होइन । त्यसका विभिन्न कुराहरू मिलाउनुपर्छ । दुवै पार्टीबीच वृहत् विचार विमर्श आवश्यक हुन्छ । तलदेखि माथिसम्म विभिन्न कुराहरू मिलाउनुपर्ने हुन्छ । त्यसैले अहिलेसम्म टुंगो नलागेको हो । तर, हाम्रो नीति र सिद्धान्त एउटै बनिसकेपछि एकताको घोषणा हुन्छ । हामीले दीर्घकालीन रणनीति बनाउनुपर्छ । अब टुट र फुटको राजनीतिबाट माथि उठ्नुपर्ने आवश्यक छ । हामीले एकता गर्न लागेको दलसँग हाम्रो नीति र सिद्धान्त मिल्नुपर्छ । फोरमले तय गरेको नीति, सिद्धान्त र विचारमा जुनसुकै शक्ति आयो भने एकता हुनसक्छ । हामीले कसैका लागि बाटो बन्द गरेका छैनौं । जो हाम्रो लाइनमा केही हदसम्म सकारात्मक कुराहरू पनि भयो तर त्यो निष्कर्षमा पुग्न सकेन । केही प्राविधिक कुराहरू नमिलेर त्यो बेला एकता हुन सकेन । तर, हामीले निर्वाचनमा जाँदा गठबन्धन बनाएरै चुनाव लड्यौं र अहिले प्रदेश २ मा सरकार पनि चलाइरहेका छौं ।

**० फोरमले नयाँ शक्तिसँग एकतालाई बढी महत्व दिएको र राजपालाई त्यति महत्व नदिएको देखिएको छ नि ?**

– एकताका लागि राजपाले पनि आफ्नो तयारी गर्दैछ । हामीले कसैका लागि ढोका बन्द गरेका छैनौं । मुख्य कुरा नीति, सिद्धान्त र विचार मिल्ने शक्तिलाई प्राथमिकताको आधारमा राखेका छौं ।

**० फोरम र राजपाबीच एकताका अप्ठ्याराहरू के-के छन् ?**

– फोरम र राजपाबीच एकताका लागि कुनै समस्या छैन । फोरममा कुनै समस्या छैन, राजपाभित्रै समस्या देखिएको छ । राजपाभित्र ६ जनाको अध्यक्षमण्डल छ ।

> ● **प्रदेश २ मा नेकपासँग फोरमले सरकार बनाउँछ भन्ने कुरा वाहियात हो ।**
>
> ● **प्रचण्डको अभिव्यक्ति पछाडि नलागौं हामी । प्रचण्डका यस्ता अभिव्यक्तिहरू पहिला पनि आउने गरेका थिए । प्रचण्डले विगतमा केपी ओलीलाई तथानाम गालीगलोज गर्नु भएकै हो ।**
>
> ● **फोरम नेपाल सैद्धान्तिक र वैचारिक पार्टी हो । सरकार परिवर्तनबारे प्रदेश २ कै समितिबाट हुन्छ । संघीय सरकारलाई फोरम नेपालले संविधान संशोधनका लागि अल्टिमेटमसमेत दिइसकेको छ ।**
>
> ● **फोरम नेपालको तीन 'स'को नीति छ, सडक, सदन र सरकार । अहिले पनि हामी यी तीनवटै ठाउँमा हाम्रो उपस्थिति छ । सरकारमा हुँदा पनि हामी संघर्षमै छौं । हामीले संघीय सरकारलाई संशोधनको सुनिश्चितता गर भनेर अल्टिमेटम दिएका छौं ।**
>
> ● **अब टुट र फुटको राजनीतिबाट माथि उठ्नुपर्ने आवश्यक छ । हामीले एकता गर्न लागेको दलसँग हाम्रो नीति र सिद्धान्त मिल्नुपर्छ । फोरमले तय गरेको नीति, सिद्धान्त र विचारमा जुनसुकै शक्ति आयो भने एकता हुनसक्छ ।**
>
> ● **फोरम र राजपाबीच एकताका लागि कुनै समस्या छैन । फोरममा कुनै समस्या छैन, राजपाभित्रै समस्या देखिएको छ । राजपाभित्र ६ जनाको अध्यक्षमण्डल छ । उहाँहरूले महिनेपिच्छे संयोजक परिवर्तन गर्ने नीति बनाउनुभएको छ ।**
>
> ● **हामीसँग भएको सहमति पूरा गरिएन भने नेपालमा सुनामी जस्तै अवस्था आउनेछ । त्यो सुनामीले प्रतिक्रियावादीहरूलाई समाप्त पार्नेछ ।**

**० यदि नेकपा र फोरम गठबन्धनको सरकार प्रदेश २ मा पनि बन्यो भने कस्तो सन्देश जाला ?**

– फोरम नेपाल भनेको वैचारिक र सैद्धान्तिक पार्टी हो । हामी आफ्नो नीति र सिद्धान्तको आधारमा अगाडि बढ्छौं । यसमा जो कोही पनि आउन सक्छ । बाटो खुल्ला छ ।

**० डा.बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीसँग एकताको प्रक्रिया कहाँसम्म पुग्यो ?**

– डा.बाबुराम भट्टराईको नयाँ शक्ति पार्टीसँग धेरै पहिलादेखि एकताका लागि वार्ता भइरहेको छ । सिद्धान्त र विचार मिल्नेसँग एकता गर्ने हाम्रो नीति नै हो । हामीले गत निर्वाचनभन्दा पहिलादेखि सिद्धान्त र विचार मिल्ने पार्टी, समूह र व्यक्तिसँग एकता, गठबन्धन र सहकार्य गर्ने नीति लिएका छौं । त्यहीं नीति अनुसार अगाडि बढिरहेका छौं । हामीसँग सिद्धान्त र विचार मिल्नेसँग एकता हुनसक्छ । हामीले त्यसका ढोका खुला आउँछ एकता हुन्छ । फोरमको नीति सिद्धान्तमा प्रचण्डजी आउनुभयो भने पनि हामी तयार हुन्छौं ।

**० तर, फोरम र नयाँ शक्तिबीचको एकता प्रक्रिया अन्तिम चरणमा पुगेको छ पिन ?**

– हाम्रो बैठक २१ गते बस्दैछ । फोरम नेपालमा कुनै व्यक्तिले निर्णय गर्ने होइन, सामूहिक छलफलबाट तय हुन्छ ।

**० भनेपछि नयाँ शक्तिसँग एकताको प्रक्रियाबारे आधिकारिक जानकारी छैन तपाइँलाई ?**

– म फोरम नेपालको केन्द्रीय पदाधिकारी पनि हुँ । मैले थाहा पाएअनुसार भन्दैछु ।

**० फोरमले राजपासँग पनि एकताका लागि प्रस्ताव पठाएको थियो, यस विषयमा के हुँदैछ ?**

– राजपासँग पनि धेरै पहिलादेखि एकता प्रक्रिया सुरू भएको हो । राजपा गठनभन्दा पहिला पनि सबै मधेशवादी शक्तिहरूबीच एकीकरण हुनुपर्छ भन्ने धारणा हामीले ल्याएका थियौं । त्यसमा उहाँहरूले महिनेपिच्छे संयोजक परिवर्तन गर्ने नीति बनाउनुभएको छ । राजपाको अधिवेशनपछि संस्थागतरूपमा आउँछ । त्यसपछि राजपासँग एकता गर्न सहज हुन्छ ।

**० भनेपछि, छ जना अध्यक्ष हुँदा सबैसँग कुरा गर्नुपर्ने अप्ठ्यारा छन् ?**

– हामीले नेतासँग एकता गर्न खोजेको होइन, पार्टीसँग एकीकरण चाहेका छौं । जुन बेला हामीले २२ बुँदे सम्झौता गर्‍यौं, त्यो बेला गिरिजाप्रसाद कोइरालासँग सम्झौता गरेको होइन । तत्कालीन अवस्थामा प्रधानमन्त्रीको कुर्सीमा बसेको सरकारका प्रतिनिधिसँग गरेको हो । हाम्रो सम्झौता प्रधानमन्त्रीसँग भएको थियो । हामीलाई कुनै व्यक्ति विशेषसँग मतलब छैन । त्यसैले, हामीले राजपासँग एकताका लागि अहिले पनि पहल गरिरहेका छौं ।

**० तपाइँहरू एकताको पहिलो महाधिवेशनको पनि तयारीमा हुनुहुन्छ, के छ प्रगति ?**

– हामीले महाधिवेशनका लागि दूतगतिमा तयारी गरिरहेका छौं । महाधिवेशनका सबभन्दा अप्ठ्यारा कुरा हो वार्ड अधिवेशन हो । अहिले हामी विभिन्न तहहरूमा अधिवेशनहरू सम्पन्न गर्दैछौं । हामी पूर्ण तयारीमा छौं ।

**० महाधिवेशनको मूल एजेन्डा के हो ?**

– २१ गते हाम्रो नीति तय हुन्छ । हामीले तत्कालीन मधेशी जनअधिकार फोरमको प्रथम महाधिवेशन वीरगन्जमा गर्‍यौं, त्यहीं नीतिअनुसार अहिलेसम्म अगाडि बढिरहेका छौं । फोरम नेपाल भनेको पूर्ण लोकतान्त्रिक पार्टी हो । कार्यकर्ताहरूको भावना र आकांक्षा अनुसार हामी नीति तय गर्छौं ।

**० फोरम नेपाल संविधान संशोधनको सर्तमा संघीय सरकारमा सहभागी भएको हो, तर संशोधनका विषयमा कुनै प्रक्रियासमेत सुरू भएको छैन । कहिलेसम्म तपाइँहरू सरकारमा बस्ने ?**

– संविधान संशोधनका लागि फोरमले सरकारलाई अल्टिमेटम दिइसकेको छ । हामी संविधान संशोधनप्रति एकदम सचेत छौं । फोरम नेपाल भनेको संस्थागत वैचारिक पार्टी हो । समग्र नेपालका जनताको भावनालाई समेटेर हामी निर्णयमा पुगिसकेका छौं । हामीले दिएको अल्टिमेटमअनुसार सरकारले काम गरेन भने हामी सरकारमा बसिरहने अवस्था हुँदैन । हामीसँग भएको सहमति पूरा गरिएन भने नेपालमा सुनामी जस्तै अवस्था आउनेछ । त्यो सुनामीले प्रतिक्रियावादीहरूलाई समाप्त पार्नेछ ।

**० कहिलेसम्मको अल्टिमेटम दिनुभएको छ ?**

– हामीले दिइसकेका छौं । सरकारबाट चिट्ठी आएपछि थाहा हुन्छ । त्यहींआधारमा हामी आफ्नो नीति तय गर्छौं । कति दिनसम्म भनेर तय हुँदैन । हामीले सरकारलाई सुधार्न अल्टिमेटम दिएका छौं । आगामी २१ गते हाम्रो बैठक हुँदैछ, त्यसपछि हामीले मिति तय गर्छौं ।

**० तपाइँ फोरम नेपालको मधेश प्रदेश समिति अध्यक्षमा निर्वाचित हुनुभएको छ । कतिका चुनौतीहरू देख्नुहुन्छ ?**

– चुनौती केही पनि छैन । नीति, विचार र सिद्धान्त स्पष्ट हुनुपर्छ । त्यहीं लाइनअनुसार पार्टीलाई लग्नुपर्छ । हामीले यथार्थ कारणहरू दिएर काम गर्‍यौं भने फोरम नेपाल आउने समयमा देशको एउटा वैकल्पिक शक्तिको रूपमा आउँछ । त्यसमा प्रदेश २ ले ठूलो भूमिका खेल्नेछ भन्ने विश्वास लिएर म प्रदेश २ समितिको अध्यक्षमा निर्वाचित भएको हुँ । मलाई जुन विश्वासका साथ मधेश प्रदेश समितिमा निर्वाचित गराइएको छ, त्यसको भावनाअनुसार पार्टीलाई अगाडि बढाउनेछु ।

**० तपाइँ प्रदेश २ को आर्थिक मामिला तथा योजनामन्त्री पनि हुनुहुन्छ । प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गरेन भन्ने आरोप लाग्ने गरेको छ नि ?**

– यो प्रदेशको अवस्था हेर्दा सबभन्दा दयनीय छ । हाम्रो तेस्रो समन्वय परिषद्को बैठक केन्द्रीय अर्थमन्त्रीको संयोजकत्वमा बसेको थियो । सो बैठकमा मैले प्रदेश २ को सबै तथ्यांकहरू प्रस्तुत गरेको थिएँ । कहीं न कहीं संघीयतामाथि खतरा आउने संकेत देखिएको छ । प्रदेश २ सरकारको अस्थायी राजधानी जनकपुरधाममा छ । प्रदेश सरकारसँग ३२ जना उपसचिवको दरबन्दी छ तर एउटा पनि छैन । सबभन्दा सम्वेदनशील मन्त्रालय भनेको अर्थ मन्त्रालय हो । प्रदेश २ को मात्रै यो समस्या छैन, सातवटै प्रदेशको अवस्था एउटै छ । कर्मचारी समायोजनको झेल नटुंगिएसम्म यस्ता समस्याहरू आइरहन्छ । संघीयताप्रति जसरी षड्यन्त्र भइरहेको छ, त्यसमा सातै प्रदेश एकमत छन् । हामी सबै प्रदेश एक भएकोले षड्यन्त्र गर्नेहरूको मनसाय पूरा हुन दिँदैनौं ।

**० प्रदेश २ का मन्त्रीहरूले विभिन्न आर्थिक अनियमितता गरेको आरोपहरू छन् नि ?**

– खासगरेर प्रदेश २ को बेरूजु र संघ सरकारको बेरूजु तुलना गर्नुस् । संघ सरकारका भौतिकमन्त्रीका कतिको बेरूजु छ ? बेरूजु कर्मचारीका कारणले हुन्छ । पञ्चायतकालदेखि कर्मचारीतन्त्रको जुन मनोवृत्ति छ त्यसले समस्या भइरहेको छ । कर्मचारीहरू अहिले समायोजनमा त्रसित छन् । यहाँका न्यायपालिकाले पनि सही समयमा न्याय नदिएर समस्याहरू आएका छन् । कुनै पनि देशमा नयाँ व्यवस्था आउँदा समस्याहरू आउँछन् । नेपाल त झन् एउटा नयाँ मोडलमा गएको छ । जति राष्ट्रहरूमा नयाँ व्यवस्था आएपछि सुरूमा अलि समस्या आउँछ नै । त्यसैले यसमा आत्तिनु पर्दैन । बिस्तारै सुध्रिदै जान्छ ।

**० प्रदेशले नाम र स्थायी राजधानी टुंगो लगाउन गठन गरेको आयोगले पनि आफ्नो प्रतिवेदन तयार गरिसकेको छ । नाम र राजधानी तोक्न किन ढिलाइ भइरहेको छ ?**

– प्रदेश २ को नाम र राजधानी अब छिट्टै आउँछ । सदन अहिले बन्द भएकोले त्यो प्रस्ताव पेश हुन सकेको छैन । सदन बन्द हुनुको कारण कर्मचारी नै हो । यहाँ प्रदेशस्तरका सबै सचिवहरूको सरूवा भइसकेको छ । सदन कसरी चलाउने ? यो अवस्था सबै प्रदेशमा छ । २० गतेदेखि सदन सुरू हुन्छ, त्यसपछि हामी प्रस्ताव दर्ता गराउँछौं र प्रक्रिया अगाडि बढ्छ ।

**० आगामी बजेटका लागि प्रदेश २ मा केकस्ता योजनाहरू बन्दैछन् ?**

– प्रदेश २ भनेको कृषि प्रधान प्रदेश हो । हामीले कृषिलाई उद्योगसँग जोडेर नीतिका आधारमा बजेट विनियोजन गर्छौं । त्यस्तै, हामीले शिक्षा, स्वास्थ्य, यातायात र ऊर्जा लगायतका क्षेत्रलाई हामीले विशेष प्राथमिकतामा राखेर बजेटका योजनाहरू बनाउँदैछौं ।

# नेपाल-चीनबीचको ३८बुँदे सम्झौतामा के छ ?

१. हामी (यहाँ सहभागी देश र नेताहरूको नाम उल्लेख गरिएको थियो) २७ अप्रिल, २०१९ का दिन बेइजिङमा अन्तराष्ट्रिय सहकार्यका लागि दोस्रो बेल्ट एन्ड रोड मञ्चमा नेताहरूको राउन्ड टेबलका लागि, 'बेल्ट एन्ड रोड सहकार्यः उज्यालो साझा भविष्यको आकार निर्माण' भन्ने नाराका साथ भेला भयौँ । चीनका राष्ट्रपति सी जिनपिङले यो राउन्ड टेबलको अध्यक्षता गर्नुभयो ।

२. हाम्रो यो भेटघाटको समयमा विश्व अर्थतन्त्रसँग फैलँदा अवसर र उदाउँदा चुनौती दुबै छन् भने विश्वमा भइरहेका महत्वपूर्ण र तीव्र परिवर्तनले यसलाई थप जटिल बनाएका छन् । विश्वव्यपी चुनौतीको सामनाका लागि बहुपक्षीयतालाई सबल बनाउनु अत्यावश्यक रहेको कुरामा हाम्रो पुनः जोड छ । खुला, समावेशी, अन्तर्सम्बन्धित, दिगो तथा जनकेन्द्रित विश्व अर्थतन्त्रले सबैका लागि समृद्धिमा योगदान गर्न सक्छ भन्ने हाम्रो विश्वास छ ।

३. सहकार्यका उद्देश्य, सिद्धान्त तथा उपाय समेत समेटिएको, अन्तराष्ट्रिय सहकार्यका लागि पहिलो बेल्ट एन्ड रोड मञ्चमा नेताहरूको राउन्ड टेबलको संयुक्त विज्ञप्तिको सम्झना गर्दै तथा राष्ट्रसङ्घको दिगो विकास लक्ष्यको एजेन्डा २०३० मा हाम्रो प्रतिवद्धता पुनः व्यक्त गर्दै हामी पुनः बताउन चाहान्छौँ कि शान्ति, विकास तथा मानव अधिकारको प्रवर्द्धन, आपसी लाभसहितको सहकार्य तथा राष्ट्रसंघको विधान र अन्तर्राष्ट्रिय कानुनका उद्देश्य तथा सिद्धान्तका सम्मान हाम्रा साझा दायित्व हुन् । बलियो, दिगो, सन्तुलित तथा समावेशी आर्थिक वृद्धि र जनताको जीवन स्तरमा सुधार हाम्रा साझा लक्ष्य हुन् । साझा भविश्यसहितको समृद्ध तथा शान्त संसारको रचना हाम्रो साझा आकाङ्क्षा हो ।

४. प्राचीन सिल्क रोडले कनेक्टिभिटीको सबलीकरण, शान्ति र सहकार्यको प्रवर्द्धनको भावना सहितको विश्व अर्थतन्त्रको विस्तारसँगै खुलापन, समावेशीकरण, समानता, आपसी सिकाइ तथा आपसी लाभमा योगदान गर्यो । हामी बेल्ड एन्ड रोड इनिसिएटिभ र सहकार्यका अन्य ढाँचा तथा पहल मार्फत् यही भावनालाई पुनर्स्थापित र पुनर्जागृत बनाउने आशामा छौँ ।

५. सहकार्यरत साझेदारका हैसियतमा हामी विकास नीति सिनर्जी, पूर्वाधारमा बढेको लगानी, आर्थिक करिडोर, आर्थिक तथा व्यापार सहकार्य क्षेत्र, औद्योगिक पार्क, वित्तीय तथा व्यापारिक साझेदारी, आविष्कार र प्रविधि, सामुद्रिक सहकार्य, व्यावसायिक सम्बन्ध, सांस्कृतिक आदान(प्रदानलगायत बेल्ड एन्ड रोड सहकार्यमा भइसकेको प्रगति र सिर्जित महत्वपूर्ण अवसरको प्रशंसा गर्दछौँ । यस्तो सहकार्यले आर्थिक वृद्धिका नयाँ स्रोत पहिल्याई आर्थिक तथा सामाजिक विकासका लागि बल प्रदान गर्दछ र दिगो विकास लक्ष्यको प्राप्तिमा पनि योगदान गर्दछ ।

६. भविष्यतर्फ हेर्दा, हामी विकास नीति सिनर्जी, पूर्वाधार विकास, अवरोधहीन व्यापार, वित्तीय सहकार्य र जनस्तरको सम्बन्ध प्रवर्द्धन गर्दै कनेक्टिभिटीलाई अझ सबल बनाउने उच्च स्तरको बेल्ट एन्ड रोड सहकार्यको परिकल्पना गर्दछौँ जसबाट हाम्रा जनताको जीवनका लागि व्यवहारिक सहकार्यको प्रवर्द्धन होस् । यस सन्दर्भमा हामी साझेदारहरूबाट अझ बढी पहल हुने हाम्रो अपेक्षा छ ।

- यस्तो सहकार्य बृहत् परामर्श, संयुक्त पहल तथा साझा लाभमा आधारित हुनेछ । हामी विधिको शासन र समान अवसरको महत्वमा जोड दिन्छौँ । साझा दायित्व र उपलब्धिमा आधारित भई स्वयंसेवी सहभागिता र सहमति निर्माण मार्फत् नीतिगत तथा परियोजनागत सहकार्यतर्फ उन्मुख छौँ । खुलापन, पारदर्शिता, समावेशिता तथा समान मैदानको सम्मान हुने सहकार्यत्रका लागि सबै राज्य समान हैसियतका साझेदार हौँ । हामी एकअर्काको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्छौं ।

हरेक देशलाई आफ्ना राष्ट्रिय प्राथमिकता तथा कानुनका आधारमा आफ्ना विकास रणनीति तय गर्ने अधिकार, र त्योभन्दा बढी जिम्मेवारी हुन्छ । - यस्तो सहकार्य खुला, हरित तथा स्वच्छ हुनेछ । हामी खुला अर्थतन्त्र तथा समावेशी, विभेदहीन विश्व बजार स्वीकार गर्छौं । यस सहकार्यमा सहभागी हुन इच्छुक सबै देशलाई स्वागत छ । हरित विकासको प्रवर्द्धन तथा पेरिस सहमतिको कार्यान्यवनका लागि सहकार्य प्रवर्द्धन लगायतका वातावरणीय संरक्षण र जलवायु परिवर्तनका चुनौतीको सम्बोधनको महत्वमा हाम्रो जोड छ । इमान्दारिताको संस्कृति निर्माण र भ्रष्टाचारको सामनामा थप पहलका लागि प्रोत्साहन गर्दछौं ।

- यस्तो सहकार्य उच्च स्तरको जनकेन्द्रित तथा दिगो विकासतर्फ उन्मुख हुनेछ । हाम्रा राष्ट्रिय कानुन, नियमनकारी प्रावधान, अन्तराष्ट्रिय दायित्व, सान्दर्भिक अन्तराष्ट्रिय मूल्य मान्यता तथा मापदण्डका आधारमा हामी सहकार्यमा अगाडि बढ्नेछौँ ।

हामी विश्वास गर्छौं कि सान्दर्भिक सहकार्य जनकेन्द्रित, समावेशी गुणस्तरीय आर्थिक विकास एवं जनजीविकाको बृहत् सुधारका लागि सहयोगी हुनुपर्छ । यसका सबै आयाममा दिगोपना प्रवर्द्धन गर्न हामी प्रतिबद्ध छौँ ।

७. कनेक्टिभिटीले आर्थिक वृद्धिको प्रवर्द्धन, आर्थिक तथा सामाजिक विकास, वस्तु तथा सेवाको व्यापार, लगानी, रोजगारीका अवसरको सिर्जना तथा जनताबीचको सुदृढ सञ्चार तथा आदानप्रदानमा योगदान गर्छ भन्ने विश्वासबाट हामी यसको सुरूवात गर्छौं ।

यससन्दर्भमा, पारदर्शिता, खुलापन तथा समावेशितामा आधारित कनेक्टिभिटीको विश्वव्यापी साझेदारीले सबैलाई अवसर प्रदान गर्छ । आज बेल्ट एन्ड रोड इनिसिएटिभ र अन्य सहकार्य रणनीति मार्फत् हामी उज्यालो साझा भविष्य र साझा समृद्धितर्फ लक्षित अन्तराष्ट्रिय सहकार्यलाई उपक्षेत्रीय, क्षेत्रीय र विश्वव्यापी तहमा प्रवर्द्धन गर्ने निर्णय गर्दछौं ।

हामी विश्व व्यापार सङ्गठन केन्द्रमा रहने गरी एक विश्वव्यापी, नियमसङ्गत, खुला, पारदर्शी र विभेदहीन बहुपक्षीय व्यापार प्रणालीको समर्थन गर्दछौं । विकास नीति सिनर्जीको सवलीकरण

८. साझा विकासलाई दिगो बनाउनका लागि हामी समुचित म्याक्रोइकोनोमिक नीतिको स्वागत गर्दछौं, दिगो विकास एजेन्डाबारेका छलफलका लागि प्रोत्साहन गर्दछौं र राष्ट्रसङ्घ लगायत बहुपक्षीय मञ्चमा म्याक्रोइकोनिक नीतिबारे संवाद बढाउन एवं प्राप्त उपलब्धिमा आधारित भई सम्बन्धित विकास योजनाबीच सिनर्जी र कनेक्टिभिटी प्रवर्द्धन गर्न सहकार्य गर्नेछौं । ९. यस सन्दर्भमा हामी विभिन्न पहल तथा सहकार्य ढाँचाबाट प्राप्त अवसरमा पनि जोड दिन्छौं ।

१०. व्यापार तथा लगानीको उदारीकरण र सहजीकरणका लागि प्रतिबद्ध हामी हाम्रा बजारलाई अझ खुला बनाउन तथा विश्व व्यापार सङ्गठनको नियमसँग नमिल्ने संरक्षणवाद, एकपक्षीयवाद तथा अन्य उपाय अस्वीकार गर्न चाहान्छौँ । हामी विश्व व्यापार सङ्गठनको सहमति अनुसार भएको विशेष तथा फरक व्यवहारको महत्वमा जोड दिन्छौं ।

११. सीमा कारोबारमा संलग्न सान्दर्भिक निकायबीचको सुदृढ सहकार्य र समन्वय, आपसी सहयोग, सूचना आदानप्रदान तथा सहकार्य एवं भन्सार तथा व्यापार प्रक्रियाको सुधारलाई प्रवर्द्धन गर्दै समग्र भन्सार सहजीकरणको सुधारको महत्व हामी बुझ्दछौं ।

यस्तो सहजीकरण विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता अनुसार तथा गैरकानुनी व्यापार र ठगी नियन्त्रणको प्रभावकारी उपायसहित हुनुपर्ने कुरालाई प्रोत्साहन प्रदान गर्दछौं । १२. हाम्रा राष्ट्रिय नियम तथा अन्तराष्ट्रिय प्रतिबद्धताका सन्दर्भमा प्रत्यक्ष विदेशी लगानी र साझेदारी उद्यमबारे हुने सबल सहकार्यका लागि हामी आह्वान गर्दछौं । साथै, लगानी र नयाँ व्यावसायिक अवसरको प्रवर्द्धनका लागि सहयोगी तथा विश्वसनीय वातावरणका लागि प्रोत्साहन प्रदान गर्दछौं ।

१३. हामी कर मामिलामा सहकार्य प्रवर्द्धन गर्न चाहान्छौँ, दोहोरो कर हटाउनेबारे थप सहमतिलाई प्रोत्साहन गर्दछौं र आर्थिक वृद्धिमैत्री कर नीतिको प्रवर्द्धन गर्दछौं । यी लक्ष्य प्राप्त गर्नका लागि हामी विद्यमान अन्तराष्ट्रिय कर प्रणाली सहकार्य ढाँचाभित्रै काम गर्न चाहान्छौं ।

१४. हामी सबै साझेदारलाई लाभ हुने गरी समावेशी तथा विविधतायुक्त विश्वव्यापी मूल्य श्रृङ्खला निर्माण गर्ने पहल गर्छौं । बौद्धिक सम्पत्तिको अधिकारको रक्षा गर्दै अन्वेषणमा थप सहकार्यको प्रवर्द्धन गर्दछौं । साथै हामी डिजिटल यातायातबारे कानुन लागू गर्न प्रोत्साहन गर्छौं ।

१५. हामी दिगो सामुद्रिक अर्थतन्त्रको विकासको समर्थन गर्दै तथा सामुद्रिक तथा किनाराको पर्यावरणको दिगो व्यवस्थापन गर्दै, सामुद्रिक लिङ्क थप विकास गर्न र बन्दरगाह एवं पानीजहाज उद्योगीबीच लगायतको अन्तराष्ट्रिय सामुद्रिक सहकार्यलाई थप अगाडि बढाउन आह्वान गर्दछौं ।

पूर्वाधार कनेक्टिभिटीको प्रवर्द्धन

१६. अन्तर्सम्बन्धित आर्थिक वृद्धिलाई दिगो बनाउनका लागि हामी आर्थिक वृद्धि बढाउने एवं पूर्वाधारमा लगानी मार्फत् जीवन स्तर सुधार हुने किसिमले बृहत् तथा बहुढाँचागत पूर्वाधार कनेक्टिभिटीको समर्थन गर्दछौं ।

ल्याण्डलक्ड देशहरूलाई ल्याण्डलिङक्ड देशमा बदल्नका लागि हुने कनेक्टिभिटीको सबलीकरण र व्यापार व्यवस्था एवं पूर्वाधारबारेको सहकार्य लगायतका नीति र क्रियाकलापको पनि हामी समर्थन गर्दछौं ।

१७. हामी उच्च गुणस्तरका, विश्वासिला, सामना क्षमता युक्त तथा दिगो पूर्वाधार बनाउन पहल गर्नेछौं । उच्च गुणस्तरका पूर्वाधार सम्भव, खर्च गर्न सकिने, भेट्न सकिने, समावेशी र समग्र जीवनचक्रभरि नै बृहत् रूपमा लाभदायक हुनुपर्छ र यसले सहभागी देशहरूको दिगो विकास र विकासशील देशहरूको औद्योगिकीकरणमा योगदान गर्नेछ भन्ने हाम्रो जोड छ । विकासशील देशहरूका कनेक्टिभिटी परियोजनामा लगानी गर्नका लागि विकसित देश र अन्तराष्ट्रिय लगानीकर्ताहरूलाई हामी आह्वान गर्दछौं । आर्थिक वृद्धि, सामाजिक प्रगति र वातावरणीय संरक्षणको सन्तुलन सहितको परियोजनाको आर्थिक, सामाजिक, वित्तीय तथा वातावरणीय दिगोपनाको महत्वमा हाम्रो जोड छ ।

१८. दिगोपनाका खातिर हामी परियोजना तयारी र कार्यान्वयनका क्रममा लगानीयोग्य, ब्याङ्केबल, आर्थिक रूपले सम्भव एवं वातावरणमैत्री परियोजनाको प्रवर्द्धन गर्ने गरी सहकार्यमा हुने सुधारलाई समर्थन गर्दछौं । बेल्ट एन्ड रोड सहकार्यको बजारका सबै शक्तिहरूलाई हामी आआफ्ना कर्पोरेट सामाजिक दायित्व पूरा गर्न र राष्ट्रसङ्घको ग्लोबल कम्प्याक्टको अनुशरण गर्न आग्रह गर्दछौं ।

१९. कनेक्टिभिटीको जग यातायात पूर्वाधारमा रहेको हामी स्वीकार गर्दछौं । देशहरूबीच हवाई, भू तथा जल कनेक्टिभिटी प्रवर्द्धन गर्नका लागि अन्तप्रयोगयोग्य तथा बहुढाँचात्मक यातायातको विकास आदि मार्फत् पूर्वाधारको अन्तप्रयोगको विकासलाई प्रोत्साहन गर्दछौं । यातायात र सञ्चार क्षमताको वृद्धिका लागि मध्य एसियालाई ककसेस, युरोप, अफ्रिका, दक्षिण तथा दक्षिणपूर्वी एसिया र प्रशान्त क्षेत्रमा जोड्ने लगायतका अन्तर्क्षेत्रीय र व्यवस्थापकीय मार्गको विकासको महत्व हामी बुझ्दछौं ।

२०. उर्जा सुनिश्चितताको वृद्धिका लागि तथा सबैका लागि खर्च गर्न सकिने, स्वच्छ, नवीकरणीय तथा दिगो उर्जाको विश्वव्यापी पहुँच प्रवर्द्धनका लागि उर्जा पूर्वाधारको सबलीकरणमा हामी सहयोग गर्दछौं ।

२१. हामी वित्तीय समावेशीकरणको महत्वलाई ध्यान दिँदै सम्बन्धित राष्ट्रिय कानुन नियम तथा अन्तराष्ट्रिय प्रतिबद्धता अनुरूप कनेक्टिभिटी प्रवर्द्धन गर्न चाहान्छौं ।

दिगो विकासको प्रवर्द्धन

२२. दिगो तथा कम कार्बन उत्सर्जन हुने विकास प्रवर्द्धनका लागि हामी पर्यावरणीय दिगोपनातर्फ लक्षित हरित विकासलाई प्रवर्द्धन गर्ने पहलको प्रशंसा गर्दछौं । हरित बन्डको प्रचलन र हरित प्रविधिको विकास समेतको हरित वित्तको विकासलाई प्रोत्साहन गर्दछौं । साथै हामी उच्च स्तरको वातावरणीय संरक्षणतर्फ अग्रसर भई पर्यावरणीय तथा वातावरणीय नीतिबारेका राम्रा अभ्यासको आदानप्रदानलाई पनि प्रोत्साहन गर्दछौं ।

२३. हाम्रो ग्रहलाई जोगाउन प्रतिबद्ध भई हामी जलवायु सामनाका लागि सक्षम विश्वतर्फ अगाडि बढ्छौं र अन्तराष्ट्रिय सिद्धान्त तथा दायित्व अनुकूल हुने गरी वातावरण संरक्षण, चक्रीय अर्थतन्त्र, स्वच्छ उर्जा तथा उर्जा प्रभावकारिता, दिगो तथा एकीकृत जलस्रोत व्यवस्थापन लगायतका क्षेत्रमा जलवायु परिवर्तनबाट नराम्ररी प्रभावित देशहरूलाई गरिने सहयोग लगायत काममा हाम्रो सहकार्य बढाउन चाहान्छौं ता कि सन्तुलित तथा एकीकृत रूपमा आर्थिक, सामाजिक तथा वातावरणीय तिनै क्षेत्रमा दिगो विकास प्राप्त गर्न सकियोस् । हामी कार्यान्वयनको अन्तराष्ट्रिय दशकको मध्यावधि बृहत् समीक्षाबारे राष्ट्रसङ्घीय निर्णय, 'दिगो विकासका लागि पानी २०१८(२०२८'प्रति प्रतिबद्ध छौं ।

२४. हामी दिगो कृषि, वन तथा जैविक विविधताको संरक्षणमा थप सहकार्यको प्रवर्द्धन गर्दछौं । सामना क्षमता, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सहकार्य प्रवर्द्धन गर्न हामी सहमत छौं ।

२५. राष्ट्रिय कानुन तथा नियम अन्तर्गत रही हामी भ्रष्टाचार विरोधी अन्तराष्ट्रिय सहकार्य र भ्रष्टाचार विरूद्धको शून्य सहनशीलताको समर्थन गर्दछौं । भ्रष्टाचार विरोधी राष्ट्रसङ्घीय महासन्धि तथा सान्दर्भिक द्विपक्षीय सन्धि लगायत अन्तराष्ट्रिय सन्धिहरूमा रहेका मिल्दो दायित्व अनुरूप थप अन्तर्राष्ट्रिय सहकार्यका लागि आह्वान गर्दछौं । हामी अन्तराष्ट्रिय सहकार्य सबल बनाउँदै राम्रा अभ्यास र व्यावहारिक सहकार्य आदानप्रदान गर्न चाहान्छौं ।

व्यावहारिक सहकार्यको सबलीकरण

२६. साझा समृद्धि प्राप्त गर्न र टिकाइराख्न व्यावहारिक सहकार्य बलियो बनाइनुपर्छ । यस्तो सहकार्य बजार नियम र हाम्रा आआफ्ना कानुनी ढाँचा अनुरूप, आवश्यकता पर्दा सरकारको समेत सहयोग लिएर, जनकेन्द्रित, नतिजा आधारित र वृद्धिमुखी हुनुपर्छ । यस्तो सहकार्यमा हामी सबै देशका लघु, साना तथा मध्यम तहका लगायत सबै उद्यमको सहभागिताका लागि प्रोत्साहन गर्दछौं । राष्ट्रिय कानुन नियम अनुरूप खुला, पारदर्शी तथा विभेदरहित सार्वजनिक खरिद प्रक्रियाको महत्वमा जोड दिँदै हामी राम्रा अभ्यासको आदानप्रदानको स्वागत गर्दछौं ।

२७. अनुसूचीमा दिइएका आर्थिक करिडोर तथा आर्थिक र व्यापार सहकार्य क्षेत्र एवं बेल्ड एन्ड रोड इनिसिएटिभसँग सम्बन्धित सबै क्षेत्रका अन्य सहकार्य परियोजनाको विकासमा भइसकेको प्रगतिमा टेक्दै हुने निरन्तर पहल तथा मूल्य श्रृङ्खला, उद्योग श्रृङ्खला र आपूर्ति श्रृङ्खलाको हामी समर्थन गर्दछौं ।

२८. हामी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनमा रही भूपरिवेष्टित देशमा आन्तरिक जलमार्ग, सडक, रेलवे सञ्जाल, हवाई, भू तथा समुद्री बन्दरगाह तथा पाइपलाइनको विकास लगायत बहुढाँचात्मक यातायातको सबलीकरणमा हाम्रो पहल जारी राख्नेछौं । इकमर्स र स्मार्ट सहरको विकास गर्दै अनि डिजिटल विभेदलाई कम गर्दै हामी अन्तराष्ट्रिय अभ्यासबाट सिकेर अन्तर्देशीय फाइबर अप्टिक राजमार्ग लगायत डिजिटल पूर्वाधारलाई पनि प्रोत्साहान गर्नेछौं ।

२९. हामी तेस्रो बजारको, त्रिपक्षीय सहकार्य तथा सार्वजनिक निजी साझेदारी प्रोत्सान गर्दछौं र उद्योग एवं सम्बन्धित अन्तराष्ट्रिय सङ्गठनहरूबाट राष्ट्रिय कानुन तथा नियमको अधीनमा रही हुने थप पहलको स्वागत गर्दछौं । व्यावसायिक क्षेत्रका लागि विवाद समाधान सेवाको उपलब्धता तथा कानुनी सहयोग लगायतका कानुनी सहकार्यको पनि स्वागत गर्दछौं ।

३०. परियोजनाका लागि विविधतायुक्त र दिगो वित्तीय सहयोग प्रदान गर्नका लागि हामी राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तीय संस्थाबीचको सहकार्यको समर्थन गर्दछौं । हामी सम्बन्धित देशको प्राथमिकता, नियम तथा कानुन र अन्तराष्ट्रिय प्रतिबद्धता अनि कर्जाको दिगोपनाबारे संयुक्त राष्ट्रसङ्घको महासभाको सिद्धान्त अनुरूप हुने स्थानीय मुद्राको लगानी, वित्तीय संस्थाबीचको साझेदारी तथा विकास वित्तशास्त्रको अझ महत्वपूर्ण भूमिकालाई प्रोत्साहन गर्दछौं । हामी बहुपक्षीय विकास ब्याङक तथा अन्य अन्तराष्ट्रिय वित्तीय संस्थालाई आर्थिक रूपमा दिगो हुने गरी कनेक्टिभिटी परियोजनालाई प्राप्त सहयोगमा पुनः जोड दिन र स्थानीय आवश्यकतामा आधारित परियोजनामा निजी पुँजी परिचालन गर्न प्रोत्साहन गर्दछौं ।

३१. हामी खाद्य सुरक्षा प्रदान गर्ने तथा दिगो विकासलाई सहयोग गर्ने पानी जोगाउने प्रविधि र कृषिका नयाँ तौरतरिकाको विकासको महत्वमा जोड दिन्छौं । व्यापार तथा लगानीको सहजीकरणका लागि हामी कृषि उत्पादनका लागि भेटेरिनरी स्यानिटरी र फाइटोस्यानिटरी मामिलामा पनि सहकार्यको महत्वलाई जोड दिन्छौं ।

३२. अनुसूचीमा दिइए बमोजिम विषयगत क्षेत्रगत मञ्चहरूबारे पनि हामी विचार गर्छौं । जनस्तरीय अनुभव आदान(प्रदानको प्रवर्द्धन ३३. कनेक्टिभिटीलाई देशहरू, मानिसहरू र समाजहरूलाई नजिक ल्याउने एक माध्यमका रूपमा लिई हामी विश्वास गर्दछौं कि बेल्ट एन्ड रोड सहकार्यले पनि फरक जनसमुदाय, संस्कृति तथा सभ्यताबीच अनुभव आदानप्रदान, आपसी सिकाइ तथा संवाद वृद्धि गर्नेछ । युवाहरूबीचको अनुभव आदानप्रदान लगायत जनस्तरीय अनुभव आदान(प्रदानलाई विस्तार गर्ने पहलको हामी स्वागत गर्दछौं ।

३४. हामी मानव स्रोत विकास, शिक्षा, पेसागत तथा व्यावसायिक तालिममा सहकार्य सबलीकरणको महत्वमा जोड दिन्छौं र हामी हाम्रा जनतालाई भोलिको काम अनुरूप आफूलाई ढाल्ने गरी क्षमता बढाउँछौं ता कि रोजगारीको प्रवर्द्धन होस् र जीविकामा सुधार आओस् । ३५. हामी विज्ञान तथा प्रविधि, संस्कृति, कला, सिर्जनात्मक अर्थतन्त्र, ग्रामीण विकास तथा लोक शिल्प, पुरातत्व तथा जीवावशेष अध्ययन, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण, पर्यटन, स्वास्थ्य, खेलकुद लगायतका क्षेत्रमा थप आदानप्रदान र सहकार्य गर्न चाहान्छौं ।

३६. संसद्, भगिनी प्रदेश तथा नगर, थिङ्क ट्याङ्क, प्राज्ञिक क्षेत्र, सञ्चार माध्यम, नागरिक समाजबीचको सञ्चार एवं महिला तथा अपाङ्गता भएका व्यक्तिबीचको अनुभव आदानप्रदान र प्रवासी कामदारको सहकार्यको हामी स्वागत गर्दछौं ।

अबको बाटो

३७. बेल्ट एन्ड रोड इनिसिएटिभ अन्तर्गत रही चीनसँग द्विपक्षीय तथा बहुपक्षीय सहकार्य प्रवर्द्धन गर्ने थप पहललाई हामी स्वागत गर्दछौं । सम्भाव्य फलोअप कार्यक्रम सहित बेल्ट एन्ड रोड फोरम नियमित तहमा आयोजना गर्ने अपेक्षा गर्दछौं ।

३८. अन्तर्राष्ट्रिय सहकार्यका लागि दोस्रो बेल्ट एन्ड रोड मञ्चको आयोजनाका लागि चीनलाई धन्यवाद तथा बधाइ दिन चाहान्छौँ र तेस्रो मञ्चको प्रतीक्षामा छौं ।



दस्तावेज

## मधेश अपडेट

### आन्दोलनको तयारीमा जुट्न उपेन्द्रको निर्देशन

विराटनगर । संघीय समाजवादी फोरम नेपालले पनि आन्दोलनको धम्की दिएको छ । उपप्रधान तथा स्वास्थ्यमन्त्री एवम् फोरमका अध्यक्ष समेत रहेका उपेन्द्र यादवले आफ्ना नेता कार्यकर्ताहरूलाई सडक संघर्षको तयारीमा जुट्न आह्वान गरेका छन् । नेपाल सरकारको उपप्रधान तथा स्वास्थ्य तथा संख्यामन्त्रीसमेत रहेका यादवले विराटनगरमा यस्तो बताएका हुन् । यादवले संविधान संशोधनप्रति सरकार गम्भीर नरहेको भन्दै सडक संघर्षका लागि नेता कार्यकर्ताहरूलाई तयारीमा जुट्न आह्वान गरेका हुन् । सरकार र सदनबाट संविधान संशोधनको वातावरण नबनेकाले सडक आन्दोलनको तयारीमा रहेको यादवको भनाइ थियोर । संविधान संशोधनसहित दुईबुँदे सम्झौता गरी सरकारमा सहभागी भएका फोरम अध्यक्ष यादवले सडक संघर्षको विकल्प नरहेको बताएका छन् । उनले अहिलेका दुई तिहाइको कम्युनिस्ट सरकार संघीयता कार्यान्वयनको पक्षमा नरहेको आरोपसमेत लगाएर ।

### मधेश प्रदेश अध्यक्षमा मन्त्री यादव

जनकपुरधाम । संघीय समाजवादी फोरम नेपालको प्रदेश २ अध्यक्षमा प्रदेश २ का आर्थिक मामिला तथा योजनामन्त्री विजय यादव निर्वाचित भएका छन् । सोमबार राति सिरहाको लहानमा भएको प्रदेश अधिवेशनमा मन्त्री यादवले रेणु यादवलाई पराजित गर्दै निर्वाचित भएका हुन् । मन्त्री यादव फोरमको केन्द्रीय कोषाध्यक्ष समेत हुन् भने रेणु यादव केन्द्रीय उपाध्यक्ष तथा यसअघि प्रदेश अध्यक्षसमेत हुन् । मन्त्री यादवले रेणु यादवलाई ३७ मतान्तरले पराजित गरेका छन् । विजयले १ सय ८४ मत पाए भने रेणुले १ सय ४७ मत प्राप्त गरिन् । प्रदेशको ५१ सदस्यीय समितिमध्ये ४१ जनाका लागि निर्वाचन भएको थियो । अध्यक्ष र सदस्यको निर्वाचन भएपश्चात १० जना मनोनित गरिनेछ ।

### लुम्बिनी बचाऔं अभियान

भैरहवा । अन्तर्राष्ट्रिय पर्यटकीय स्थल लुम्बिनीको संरक्षण सम्बर्द्धनमा टेवा पुर्‍याउने उद्देश्य राखी एक भेलाले रामविकास चौधरीको संयोजकत्वमा २१ सदस्यीय लुम्बिनी बचाऔं अभियान तदर्थ समिति गठन भएको छ। नवगठित समितिको वरिष्ठ सह-संयोजकमा हुसेनी लोध, सह-संयोजकमा मोहम्मद इस्लाम खान, सचिवमा अजय सिंह, सह-सचिवमा संजय कुमार मिश्रा तथा कोषाध्यक्षमा रफिक अहमद मुसलमान भएका छन्। त्यस्तै सदस्यहरूमा अर्जुन प्रसाद कुर्मी, शीला हरिजन, अञ्जना चौहान, तहरून निशा फकिर लगायत रहेका छन्। अभियानले लुम्बिनीको समग्र विकास समक्ष बाधा अडचन तथा विभिन्न थिचोमिचो विरूद्ध आम नागरिकहरूलाई गोलबन्द गरी संघर्ष मार्फत सरोकारवाला निकायहरूलाई अग्रगामी बाटो पहिचान गराउने लक्ष्यका साथ अगाडी बढनका लागि बुद्धीजीवि र पर्यटन व्यवसायीहरूसंग छलफल गर्ने निर्णय समेत गरेको छ ।

### फोरमको प्रदेश अधिवेशन कृष्णनगरमा

कपिलवस्तु । संघीय समाजवदी फोरम नेपालको प्रथम एकता अधिवेशन कपिलवस्तुमा हुने भएको छ । फोरम नेपाल प्रदेश नं. ५ को प्रथम एकता अधिवेशन कपिलवस्तुको कृष्णनगरमा हुने भएको हो । अधिवेशन यही बैशाख १८ र १९ गते हुने फोरम नेपाल प्रदेश नं ५ का प्रवक्ता अकरम पठानले जानकारी दिए । प्रथम एकता अधिवेशनलाई लक्षित गरी प्रदेश ५ का १२ वटै जिल्लाको जिल्ला समन्वय समिति गठन, प्रदेश प्रतिनिधि चयन, जिल्ला, नगर र वडा स्तरमा रहेका संगठन विस्तारको काम सकिएपछि प्रदेश अधिवेशन तोकिएको पठानले जानकारी दिए । फोरम नेपाल प्रदेश ५ को गत चैत्र २२ गते बसेको प्रदेश समितिले प्रथम एकता अधिवेशनको मिति तोकेको थियो । अधिवेशन यही बैशाख १८ र १९ गते कृष्णनगरमा रहेको उद्योग वाणिज्य संघको सभाहलमा हुने बताइएको छ । अधिवेशन तयारीका लागि विभिन्न समिति गठन गरी तयारी भैरहेको छ ।

### २२ जनाले भरे बेरोजगारी फर्म

बाँके । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपालगञ्ज उपमहानगरपालिकामा गत चैत मसान्तसम्म ६ हजार चार सय २२ जनाले बेरोजगार फारम भरेका छन् । चैत १ गते बाट लागू भएको कार्यक्रममा नेपालगञ्जको २३ वडा मध्ये सबैभन्दा बढी वडा नम्बर १९ बाट करिब एक हजार दुई सयले फाराम भरेको रोजगार संयोजक हरिबोल भट्टराईले जानकारी दिए । यो फाराम १८ वर्षदेखि ५९ वर्षसम्मका नागरिकले भर्न पाउने व्यवस्था छ। फारम भर्ने समय वैशाख महिनासम्म थपिएको उनले बताए ।

### हावाहुरीमा दुईको मृत्यु

जनकपुर । धनुषामा आइतबार बिहान आएको भीषण हावाहुरीले वितण्डा मच्चाएको छ । हावाहुरीले जिल्लाको विभिन्न स्थानमा बिजुलीको पोल, टहरा, रूख भत्काएको छ । यस्तै ग्रामिण भेगमा बालिनालीलाई समेत क्षति पुर्‍याएको छ । हावाहुरीका कारण धनुषाको नगराईन नगरपालिका ५ का ६० वर्षीय रामपती मुखिया र ६५ वर्षीय महाबिर दास तत्माको मृत्यु भएको हो । स्थानीयका अनुसार उनीहरूको मृत्यु हावाहुरीको आवाजको डरले भएको हो । हावाहुरीले एकसय भन्दा बढी बिजुलीको पोल ढालेको छ । विद्युत प्राधिकरण जनकपुर वितरण केन्द्र अन्तर्गत ५० वटा बिजुलीको पोलसहित ३ वटा ट्रान्सफर्मरसमेत हावाहुरीले ढालेको प्राधिकरण प्रमुख सूर्यनारायण मण्डलले बताए । यस्तै वितरण केन्द्र सखुवा महेन्द्रनगर अन्तर्गत ३५ भन्दा बढी पोल ढालेको प्रमुख राजकुमार रमणले जानकारी दिए । यस्तै धनुषाको पूर्वी क्षेत्र युदुकोहा वितरण केन्द्र अन्तर्गत २५ भन्दा बढी बिजुलीको पोल हावाहुरीले ढालेको छ । यदुकोहा वितरण केन्द्रका अनुसार मुजेलियाबाट जडान भएको ३३ केभी विद्यत प्रशारण लाइनमाथि तीनवटा रूख ढलेको छ ।

### मुख्यमन्त्री र राजदूतबीच भेटवार्ता

रूपन्देही । प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेल र नेपालका लागि पाकिस्तानका राजदूत मजहर जावेदबीच भेटवार्ता भएको छ । मुख्यमन्त्री कार्यालय बुटवलमा भएको भेटमा दुई देशबीचको आपसीका विषयमा कुराकानी भएको जनाइएको छ । राजदूत जावेदले बुद्ध जन्मस्थल लुम्बिनी बौद्धमार्गीका लागि मात्रै नभएर सबैको श्रद्धास्थल भएको बताएका छन् । उनले नेपाल र पाकिस्तानबीच लामो कुटनीतिक सम्बन्ध रहेको र यसमा कुनै समस्या नआएको उल्लेख गर्दै दुई देश बीच सांस्कृतिक आदानप्रदान गरी सम्बन्धलाई अझ बलियो बनाउनुपर्नेमा जोड दिएका छन् ।

### विराट क्षेत्रमा छ स्थानीय तह थप

विराटनगर । बृहत विराट विकास क्षेत्रमा प्रदेश १ को सरकारले थप छ वटा स्थानीय तह थपेको छ । अब बृहत विराट क्षेत्रमा १८ वटा स्थानीय तह समेटिएका छन् । संशोधन गरी पछि थपिएको स्थानीय तहमा सुनसरीको कोशी गाउँपालिका र बराह नगरपालिका रहेका छन् । त्यसैगरी मोरङका रंगेली नगरपालिका, जदाहा, धनपालथान र केराबारी गाँउपालिका समावेश गरिएको छ । यसअघि वृहत विराट क्षेत्रमा मोरङको विराटनगर महानगरपालिका, सुन्दरहरैंचा नगरपालिका, कटहरी, ग्रामथान र बुढीगंगा गाउँपालिका समावेश थिए । यसैगरी सुनसरीतर्फ धरान र इटहरी उपमहानगरपालिका, दुहबी र रामधुनी नगरपालिका, बर्जु र गढी गाउँपालिका समेटिएका थिए । यी सबै स्थानीय तहको मध्य क्षेत्रमा सुनसरीको इटहरी उपमहानगरपालिका पर्छ ।

### मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-२१ पुरैनी बस्ने ५५ वर्षीय नन्कौ राईले चलाए को भे.५ प ३३५२ नम्बरको मोटरसाइकलले बुधबार साँझ सोही ठाउँस्थित सडकमा ठक्कर दिँदा गम्भीर घाइते भएका सोही स्थान बस्ने अब्दुल शेखको ४ वर्षीय छोरा अजानशेखको नर्सिङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको छ । मोटरसाइकल र चालक फरार रहेकोले प्रहरीले खोजतलास गरिरहेको छ ।

### ज्याला निर्धारण समिति गठन गर्न माग

वीरगन्ज । महिला कामदारसँग विभेद भएको भन्दै पटेर्वासुगौलीका महिलाले ज्यालामा विद्यमान असमानता लगायत विभिन्न माग सहितको ज्ञापनपत्र गाउँपालिकामा बुझाएका छन् । भूमि अधिकार मञ्च, महिला अधिकार मञ्च र महिला कृषक समूह पटेर्वासुगौलीमा आवद्ध महिलाले ९ बुँदे माग सहितको ज्ञापनपत्र बुझाएका हुन् । हरेक वडामा ज्याला निर्धारण समिति सहितको संयन्त्र खडा गर्नुपर्ने माग उनीहरूले राखेका छन् । दिव्य युवा क्लबका प्रमुख रामाकान्त पटेल पटेर्वा सुगौलीमा झण्डै एक साता श्रमिक महिलाहरूसँग छलफल गरेर ज्ञापनपत्र तयार पारिएको बताए । ज्ञापनपत्र बुझ्दै उप प्रमुख महतोले ज्ञापनपत्रमा उठाएका सवालहरूमा बोर्डमा छलफल गरेर अगाडि बढ्ने आश्वासन दिइन् ।

# मधेशी एकता भंग गर्न सीके मूलधारमा आए

**० स्वतन्त्र मधेश गठबन्धन मूलधारको राजनीतिमा जनमत पार्टीको रूपमा आइसकेपछि तपाइँ किन टाढिनुभयो ?**
– स्वतन्त्र मधेश गठबन्धन जुनदेखि आत्मसमर्पण गऱ्यो त्यो दिनदेखि नै मैले असन्तुष्टि जनाउँदै आएको छु । तर, पनि मलाई विश्वास थियो कि मधेशी जनताले केही पाउँछ । तर, त्यस्तो केही पनि देखिएन, त्यसको ठिक विपरीत हुँदैछ । म विगत ६/७ वर्ष देखि निरन्तर डा.सीके राउतलाई साथ दिइरहेका थियौं, बारम्बार जेलनेल पनि गयौं । कहिल्यै पनि म संगठनको विपरीत क्रियाकलाप गरिनँ ।

**० डा.सीके राउत मूलधारमा आएर राजनीति गर्नु कसरी आत्मसमर्पण भयो ?**
– मूलधारमा आउनु राम्रो हो । उहाँ जेलबाट निस्किने बित्तिकै सबभन्दा पहिला माला लगाएर मैले नै स्वागत गरेको थिएँ । तर, मधेशी युवाले जुन कुराको आशा लगाएका थिए, त्यो अब रहेन । अहिले पनि डा.सीके राउत केपी ओलीको गुणगान गर्दै हिंडिरहनुभएको छ । मधेशवादी शक्तिहरूलाई गाली गर्दै हुनुहुन्छ । यी सब के हो त ? बारम्बार प्रदेश २ को सरकारलाई मात्र टारगेट गरेर अभिव्यक्ति दिनु, गाली गर्नु कतिको जायज हो ? उहाँले त मधेशका सबै शक्तिलाई मिलाएर आउनुपर्थ्यो । तर, त्यस्तो व्यवहार उहाँको देखिएन ।

**० उहाँले त यही देशभित्र रहेर मधेशी हक अधिकार दिलाउने भनिरहनुभएको छ नि ?**
– उहाँले यही देशभित्र रहेर हक अधिकार दिलाउनु थियो भने युवाहरूलाई झुठो आश्वासन किन दिनुभयो ? अलग्गै देश बनाउनु, छुट्टै झण्डा बनाउनु, अलग राष्ट्रगान बनाउनु जस्ता कार्यहरू गर्नु भनेको त ठूलो घात हो नि । ठूलठूला सपना बाँडेर अकस्मात् पछाडि हट्नु भनेको त घात हो । उहाँ मूलधारमा आउनु राम्रो कुरा हो तर, मुद्दा बिर्सिनुभयो । अहिले पनि उहाँले झुठो आश्वासन दिइरहनुभएको छ कि १० लाख युवालाई रोजगारी दिन्छु । उहाँले ३५ सदस्यीय जुन केन्द्रीय समिति बनाउनुभएको छ, त्यसमा पनि समावेशीताको सिद्धान्त लागू छैन । काम गरेकाहरू, सुरूदेखि संगठनमा लागेकाहरूलाई विस्थापित गर्नुभएको छ । ३५ जना कतिपयको त कुनै भूमिका नै छैन । त्यसैले, उहाँले केन्द्रीय समिति बनाउँदा पनि सच्चा कार्यकर्ताप्रति बेइमानी गर्नुभएको छ । उहाँले राजनीति गर्न आएको छैन भनिरहनुभएको छ । यदि तपाइँ राजनीति गर्न आउनुभएको छैन भने के गर्न आउनुभएको छ ? मधेशी एकता भंग गर्न आउनुभएको हो ? भन्ने प्रश्न मैले गरेको थिएँ । त्यसको कुनै जवाफ आएन । राजनीति गर्नु छैन भने पार्टी किन दर्ता गर्नुभयो ? ३५ जनाको केन्द्रीय कमिटीमा आफू मात्रै अध्यक्ष हुने, बाँकी सबै सदस्य रहने भनेपछि यो अवसरवादी चरित्र हो । उहाँले त्यसमा पनि आफ्नै परिवारका चार जनालाई केन्द्रीय सदस्य बनाउनुभएको छ ।

जुन राम मनोहरलाई सिढी बनाएर आज मूलधारमा आउनुभयो, त्यो राममनोहरका लागि सीके राउत कतै पनि प्रोटेस्ट गर्नुभएको छ ? के फेसबुकमा लेख्दैमा आफ्नो दायित्व पूरा हुन्छ त ? मैले माने उहाँको आदेश थियो, तर उहाँको पनि त केही भूमिका देखिन्थ्यो नि । निरन्तर राम मनोहरका लागि प्रोटेष्ट गर्ने व्यक्ति जासर यादव हो । उहाँ जसरी आज मूधारमा आउनुभएको छ, त्यो सबै राम मनोहरजीको देन हो । मैले यति संघर्ष गरेँ, लाखौं रूपैयाँको लगानी गरेँ तर मलाई र राम मनोहरलाई सिढींको रूपमा मात्रै उपयोग गर्नुभएको छ । आफू उचाइमा पुगिसकेपछि त्यो सिढीलाई फालिदिनु कतिको जायज हो ? यसको आंकलन मधेशी जनताले त गर्ने नै छ । अर्को कुरा, उहाँ कार्यकर्ताप्रति कहिल्यै पनि इमान्दार देखिनुभएन । उहाँले जसरी ३५ सदस्यीय समितिमा आफू अध्यक्ष र बाँकी सबै केन्द्रीय सदस्य बनाउनुभएको छ, त्यसमा बाँकी पदाधिकारीहरू कसका लागि खाली राख्नुभएको छ ? अन्य कुनै शक्ति हो कि वा अरूद्वारा परिचालित हो कि ? ती कुरा त उहाँले सार्वजनिक गर्नुपर्ने थियो । अहिले पनि धेरै शंकास्पद कुराहरू छन् । अहिले पनि डा.सीके राउतले आफ्नो पार्टीका नीति नियम सार्वजनिक गर्नुभएको छैन ।

**० जनमत पार्टीको ३५ सदस्यमा सीके राउतका आफन्त को-को हुन् ?**
– अध्यक्षमा आफै हुनुभयो, सत्यनारायण खड्ग भन्ने उहाँको एसिस्टेन्ट हुन् । मैले जानेअनुसार सत्यनारायण मासिक १० रूपैयाँ काम गर्नुहुन्थ्यो । तर, सत्यनारायण उहाँकै गाउँका नातेदार नै हुनुहुन्छ । अर्को, बबिता इशर डा.राउतको भाउजु पर्नुहुन्छ र अर्को रामकली भन्ने महिला पनि उहाँको आफन्त भाउजु नै पर्नुहुन्छ । ठिक्कै छ उहाँले आफन्तहरूलाई पार्टीमा ल्याउनुभयो । तर, संगठनका लागि दिनरात काम गर्नेहरूलाई बाइपास गर्नुभएन नि । यस्तो धेरै कुराहरू छन्, समय आएपछि भनौंला । म बिना प्रमाण कुनै पनि आरोप लगाउँदिन । म जनतालाई आग्रह कि गर्छु कि सीके राउतको भ्रममा नपर्नुस । कि त सीके राउतले आफ्ना कमी कमजोरी सच्याएर आउनुपर्छ ।

**० डा.सीके राउतले भन्नुहुन्छ कि नेपाल सरकारले सम्झौता गरेर ठूलो उपलब्धि हासिल गऱ्यो । उहाँ नेपालमा पहिलो व्यक्ति हुनुहुन्छ जसले यस्ता पृथक अभियान चलाउनुभएको थियो ?**
– यो उहाँको भ्रम मात्रै हो । उहाँले मधेशीहरूमा भ्रम फैलाउनुभएको छ कि मैले नै आजादीको आन्दोलन ल्याएको हुँ भनेर । उहाँभन्दा कयौं दशक पहिला पनि यस्ता आवाजहरू उठ्ने गरेका थिए । वि.सं. २०१५ सालमा रघुनाथ ठाकुर 'मधेशी'ले मधेशी जनक्रान्ति दलको नामक संगठन खोलेर एकात्मक शासन प्रणालीबाट मधेश मुक्तिको माग ल्याउनु भएको थियो । त्यसपछि निरन्तर यस्ता आवाजहरू उठ्दै आएको हो । मधेश स्वतन्त्रताको अभियान प्रथम र अन्तिम पनि होइन । जसरी उहाँले विसर्जन गर्नुभयो, भोली अन्य कुनै न कुनै शक्ति आउँछ । उहाँ मूलधारको राजनीतिमा आउनु ठिक हो । उहाँले यसलाई जसरी ठूलो उपलब्धि भन्नुभएको छ त्यो ठूलो उपलब्धि सीके राउत बाहेक अरू कसैका लागि छैन । किनभने उहाँ जेलमा हुँदा पनि स्वतन्त्र मधेश गठबन्धनका कुनै पनि कार्यक्रम स्थगित भएन । उहाँ जेलभित्र रहँदा हामीले विभिन्न ठाउँहरूमा सफलतापूर्वक कार्यक्रमहरू गरेका थियौं । नेपाल सरकारसँग भएको सम्झौता उहाँका लागि ठूलो उपलब्धि हो, कार्यकर्ताका लागि होइन । दिनरात काम गर्ने कार्यकर्ताहरूलाई उहाँले टिस्यु पेपरजस्तै प्रयोग गरेर फालिदिएको अवस्था छ ।

**० भनेपछि ११ बुँदे सम्झौता डा.सीके राउतका लागि मात्रै ठूलो उपलब्धि हो ?**
– जुन ११ बुँदे सम्झौतालाई मधेशको ऐतिहासिक जित भन्नुभएको छ, त्यसमा मधेशका लागि के कुराहरू छन् त ? त्यो ११ बुँदे सम्झौता पढ्दा मधेशी समुदायका लागि के दिन्छ त नेपाल सरकारले ? उहाँले जनअभिमत ठूलो उपलब्धि भन्नुभएको छ । जनताको अभिमत पाएँ भने उहाँले मात्रै गर्नुहुन्छ कि अरूले पनि त गर्न सक्छन् नि । त्यसमा सीके राउतकै आवश्यकता छ भनेर लाग्दैन । मधेशकेन्द्रित दलहरूले पनि अभिमत पाए भने गर्न सक्छन् ।

**० सीके राउतसँग सहमति पश्चात् पनि पृथकतावादी धार आउने सम्भावना छ ?**
– त्यो भन्न सकिदैंन । जहाँ असन्तुष्टि, विभेद र असमानता हुन्छ, त्यहाँ विद्रोह हुनु स्वाभाविक नै हो । सीके राउतले मुद्दा छोड्दै गर्दा त्यो हराउँदैन ।

**० उहाँले आगामी निर्वाचनमा प्रदेश २ मा क्लिन स्वीप गर्ने दाबी गर्नुभएको छ, यसलाई कसरी लिनुहुन्छ ?**
– उहाँको दाबी जायज हो । उहाँको नियत र नीति दुइटै स्पष्ट भयो भने केही न केही गर्न सकिन्छ । अहिले पनि उहाँको संगठनमा हेर्ने हो भने ५/७ जना मात्रै क्षमतावान वक्ता हुनुहुन्छ । त्यतिले मात्रै क्लिन स्वीप गर्न सक्नुहुन्छ ? प्रदेश २ मा रहेका राजपा-फोरम र अन्य दलहरूलाई मत आउँदैन ? आफूलाई नै सबभन्दा ठूलो मान्नु भनेको नै उहाँको ठूलो गल्ती हो । उहाँले सर्वप्रथम आफूमा भएको अहम् र घमण्ड फाल्नुपर्छ ।

**० उहाँले अहिले जसरी खासगरी प्रदेश २ को सरकार र मधेशकेन्द्रित दलहरूप्रति कडा आलोचना गर्नुभएको छ । यसलाई कसरी हेर्नुहुन्छ ?**
– अहिलेको अवस्थामा सबभन्दा बढी मधेश विरोधी सीके राउत नै हुन् । आज म उहाँबाट टाढिनुको कारण नै यही हो । मैले बारम्बार भन्ने गरेको थिएँ कि प्रदेश २ लाई मात्रै किन टारगेट गर्नुहुन्छ । मधेशी भूभाग र बसोबास अन्य प्रदेशहरूमा पनि छ । अन्य प्रदेशका मुख्यमन्त्रीहरूको किन आलोचना गर्नुहुन्न ? के त्यहाँ भ्रष्टाचार छैन ? प्रदेश २ मा पनि कांग्रेस र नेकपाका सांसदहरू छन् । तिनीहरूलाई विरोध नगर्नु र मधेशवादीको मात्रै विरोध गर्नु ठिक होइन ।

**० भनेपछि उहाँले मधेशकेन्द्रित शक्तिलाई कमजोर मान्दै आउनुभएको छ ?**
– उहाँको रणनीति पहिलादेखि नै हो । विगतको चुनावमा जसरी उहाँले नो भोटको प्रचार गर्नुभयो त्यसबाट मधेशी शक्तिलाई कमजोर गरियो । जतिबेला स्व.राम मनोहरको शव ६ महिनासम्म अस्पतालमै थिए, त्यतिबेला आवाज उठाउने मधेशकेन्द्रित दलहरू नै थिए । अरूलाई गालीगलोज गरेर अगाडि बढ्नु जायज होइन ।

**० कोठली बाहर मतदान अभियान मधेशकेन्द्रितलाई कमजोर गर्नका लागि थियो ?**
– त्यो बेला त ठिकठिकै लागेको थियो । तर, अहिलेको उहाँको व्यवहार हेर्दा मधेशकेन्द्रित दललाई कमजोर गर्नकै लागि थियो भन्ने लाग्छ । हामीले यस्ता कुराहरू उठाउँदा हामीजस्ता कैयौं साथीहरूलाई बाइपास गरिएको छ ।

**० भनेपछि, कोठली बाहिर मतदात अभियान उहाँको दीर्घकालीन सोच थियो, जसको परिणाम अहिले पाउनुभएको छ ?**
– हो, पाउनुभयो । उहाँले नो भोटको नाममा शक्ति देखाउनुभयो, त्यसलाई अहिले भजाउनुभएको छ ।

**० तपाइँहरूले त्यो रणनीति नबुझेर अभियानमा लाग्नुभयो । अहिले त्यसको पश्चाताप गर्दै हुनुहुन्छ ?**
– म मात्रै पश्चाताप गर्नु पर्दैन, मजस्ता हजारौं युवाहरू भोली पछुताउनुपर्ने हुन्छ । त्यसैले, कुनै संगठनमा लाग्दा पूरै कुरा नबुझिकन लाग्नु हुँदैन । किनभने, मेरो जुन सात सालको लगानी थियो त्यो त आज पानीमा गएको छ ।

**० तपाइँ अब के गर्नुहुन्छ ?**
– मेरो राजनीतिक क्यारियर डा.सीके राउतले समाप्त गर्नुभएको छ । तर, भोली म मधेश र मधेशीका लागि काम गर्ने नै छु । म कुनै न कुनै विकल्प खोज्ने नै छु । मेरो कार्यकाल सफल भएको हो । म अरू जस्तो केन्द्रीय सदस्यको लोभमा लागिन । संगठनभित्र बसेर डा.सीके राउतको गुलामी र विभेद सहन सक्दिंन । जुन गुलामी, विभेद र उपनिवेशका विरूद्ध हामीले संघर्ष गरेका थियौं, ती सबै कुरा जनमत पार्टीभित्रै छ । अहिले दुई तीन महिनासम्म डा.साहेबको रणनीति हेर्छु । यदि उहाँको नीतिमा सुधार आयो भने स्वतन्त्ररूपमा पनि बस्न सक्छु । मसँग अहिले सयौं साथीहरू छन् ।



## जासर यादव
### पूर्व नेता, स्वतन्त्र मधेश गठबन्धन

- अहिलेको अवस्थामा सबभन्दा बढी मधेश विरोधी सीके राउत नै हुन्। आज म उहाँबाट टाढिनुको कारण नै यही हो।
- जुन ११ बुँदे सम्झौतालाई मधेशको ऐतिहासिक जित भन्नुभएको छ, त्यसमा मधेशका लागि के कुराहरू छन् त ?
- दिनरात काम गर्ने कार्यकर्ताहरूलाई उहाँले टिस्यु पेपरजस्तै प्रयोग गरेर फालिदिएको अवस्था छ।
- उहाँले निर्वाचनका बेला नो भोटको प्रचार गरेर मधेशकेन्द्रित शक्तिहरूलाई कमजोर पार्ने काम गर्नुभयो।
- त्यो नो भोटको अभियानलाई भजाएर व्यक्तिगत लाभ दिनुभएको छ।
- मेरो राजनीतिक क्यारियर डा.सीके राउतले समाप्त गर्नुभएको छ। तर, भोली म मधेश र मधेशीका लागि काम गर्ने नै छु। म कुनै न कुनै विकल्प खोज्ने नै छु।

# म अधिकारवादी मधेशवादी नेता हुँ : अनिल झा

**राकेश यादव**

रौतहट । राष्ट्रिय जनता पार्टी नेपालका केन्द्रीय अध्यक्षमण्डलका सदस्य एवं रौतहट निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य अनिल कुमार झाले आफू विकासवादी नेता नभई अधिकारवादी मधेशवादी नेता भएको बताएका छन् । रौतहट जिल्लाको सदारमुकाम गौरमा आइतबार आयोजित धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड गौर ८ को छैठो वार्षिक साधारण सभामा प्रमुख अतिथिको आसन्नबाट सम्बोधन गर्दै पूर्वमन्त्री झाले मधेशी, दलित, मुस्लिम, आदिवासी, जनजाति पिछ्डिएको वर्ग जात लिंग धर्म भाषा, प्रदेशको स्वायत्तताको ग्यारेन्टी नभएसम्म अधिकार बाहेक विकासको परिकल्पना गर्न नसक्ने जिकिर गरे । अधिकार विना विकास मन नपर्ने उनले बताए ।

पूर्वमन्त्री झाले रेशम चौधरीलाई जेलमा राख्ने प्रधानमन्त्री केपी शर्मा ओलीलाई कुनै पनि हालतमा राजपाले स्वीकार्य नगर्ने उल्लेख गरे । मधेशमा बाटोको कुरो गर्नु प्रधानमंत्री जी भन्नु हुन्छ तर हामी बाटो हैन अधिकार दिनु भन्दै आएको भने अधिकार विना स्वर्ग अधुरो छ । राजपाले उठाएको ५ बटा माग सम्बोधन नगरेसम्म संघर्ष जारी रहने चेतावनी दिए । पहिलो माग मधेश आन्दोलनको सम्बोधन, दोस्रो शहीदको सम्मान हुनु पर्ने, तेस्रो मधेश आन्दोलनको विषयमा लिएर मधेशी नेता कार्यकर्तामाथि लगाइएको झूठा मुद्दा फिर्ता हुनुपर्ने, चौथो नागरिकताविहीनलाई नागरिकता दिनुपर्ने र पाँचौ हिन्दी, भोजपुरी, बज्जिका, मैथिली, उर्दू, भाषालाई काठमाडौंमा बोलिने नेपाली भाषा जस्तो मान्यता, प्रदेश सरकारको स्वायत्तता नभएसम्म विकासको कुरो नहुने अड़ान दोहोर्‍याए ।

सांसद झाले आफ्नो मागप्रति अडिग भएको दावी गरे । निर्वाचन क्षेत्र विकासका लागि ४ करोड़को योजना सिफारिस गर्ने अधिकार



भएकोले सोही अनुसारको योजना कार्यान्वयन अवस्थामा रहेको बताए । गौर-चन्द्रनिगाहपुर सड़कलाई चार लेन बनाउने योजना स्वीकृत भइसकेको जानकारी गराए ।

सांसद झाले निजगढदेखि गौर हुँदै भारतको मुज्जफरपुरसम्म जोडिने बाटो बनाउने लक्ष्य रहेको भारतमा निर्वाचन भएकोले भारतीय नेताहरूसँगको छलफल हुन नसकेको बताए । निर्वाचन पछि नेपाल र भारतका नेताहरूको सेमिनार आयोजना गरी यो विषयमा छलफल गर्ने सुनाए ।

कार्यक्रममा प्रदेश २ का भौतिक पूर्वाधार तथा यातायात विकास राज्यमन्त्री डिम्पल झाले सहकारी सस्थाले आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए । उनले इजाजत प्राप्त गरेका सहकारी संघ संस्थाहरूले शेयरधनीहरूलाई समय समयमा आयव्ययको जानकारी गराउनु पर्ने जोड़ दिए ।

गौर नगरपालिकाका मेयर अजय कुमार गुप्ताले सहकारीले बचतको साथसाथै कर्जा प्रवाह गरी बेरोजगारी समस्या समाधान तथा आर्थिक समस्याको सवालमा सर्वसाधारणलाई सहयोग पुर्‍याएको बताए । उनले सहकारी सस्थाले आर्थिक विकासको साथसाथै सामाजिक विकासमा जोड़ दिनु पर्ने आग्रह गरे । मेयर गुप्ताले शिक्षा, स्वास्थ्यको विकासमा सहयोग गर्नु पर्ने धारणा राखे ।

## संक्षिप्त समाचार

### प्रदेश १ को सम्पर्क राजधानी धनकुटा

विराटनगर । प्रदेशको र स्थायी राजधानी तोक्न नसकेको प्रदेश सरकारले धनकुटालाई सम्पर्क राजधानी बनाउने निर्णय गरेको छ । मन्त्रिपरिषदको मंगलबार बसेको बैठकले धनकुटामा मुख्यमन्त्रीको सम्पर्क कार्यालय राख्ने निर्णय गरेको हो । यसअघि क्षेत्रीय प्रशासन कार्यालय रहेको भवनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय रहने प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मालिा तथा कानुनमन्त्री हिक्मत कार्कीले जानकारी दिए । धनकुटा यसअघि पूर्वन्चाल विकास क्षेत्रको राजधानी थियो । प्रदेशको नाम र राजधानीका बारेमा छलफल गर्न नेकपा संसदीय दलको बैठक बुधबार बोलाइएको मुख्यमन्त्री शेरधन राईका प्रेस सल्लाहकार धुव्र सुवेदीले बताए । मन्त्रिपरिषद् बैठकले धनकुटा, भोजपुर र संखुवासभा हेर्ने गरी धनकुटामा यातायात सेवा कार्यालय स्थापना गर्ने पनि निर्माण गरेको छ ।

### यातायातका बिचौलिया घुससहित पक्राउ

वीरगञ्ज । यातायात व्यवस्था कार्यालय वीरगञ्जका दुई जना विचौलिया ३१ हजार घुस रकम सहित पक्राउ परेका छन् । वीरगञ्ज महानगरपालिका वडा नं ९ रानीघाट बस्ने ३४ बर्षका रोशनकुमार रौनियार र बाराको करैयामाई गाउँपालिका वडा नं ७ उमजन बस्ने २८ बर्षका सुनील यादव पक्राउ परेका हुन् । सवारी चालक अनुमति पत्र (लाइसेन्स) बनाइदिने आश्वासन दिएर सेवाग्राहीसँग ३१ हजार रूपैयाँ घुस लिएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो ।

### घुससहित वडाअध्यक्ष पक्राउ

सप्तरी । सप्तरीका एक वडाध्यक्ष घुससहित रंगेहात पक्राउ परेका छन् । सुरूङ्गा नगरपालिका-५ का वडाध्यक्ष सिल्टु मियाँलाई अख्तियारको टोलीले सोमबार बिहान घुस लिँदै गर्दा पक्राउ गरेको हो । काम गराइदिने भन्दै सेवाग्राहीसँग रू. २५ हजार लिइरहेको अवस्थामा वडाअध्यक्ष मियाँ पक्राउ परेका हुन् । मोही जग्गा सिफारिस गरिदिने नाममा सुरूङ्गा-५, कुसहाका एक सेवाग्राहीसँग घुस लिँदै अख्तियारले पक्राउ गरेको जनाएको छ ।

### म्याजिक भ्यानको ठक्करबाट एकको मृत्यु

बाँके । बैजनाथ गाउँपालिका-५ स्थित सडकमा भे.१ ज १०९८ नम्बरको म्याजिक भ्यानको ठक्करबाट सोही गाउँपालिका-६ बस्ने ६२ वर्षीय भिमबहादुर भण्डारीको आइतबार दिउसो मृत्यु भएको छ । भे.५ प १३७४ नम्बरको मोटरसाइकलले साइकललाई बचाउनको लागि अचानक ब्रेक लगाउदा मोटरसाइकलमा सवार भण्डारी मोटरसाइकलबाट खस्न गई भ्यानले ठक्कर दिँदा गम्भीर घाइते भएपछि मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा उनको मृत्यु भएको हो । दुवै सवारी साधन तथा चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले उद्धार एवम् आवश्यक अनुसन्धान गरिरहेको छ ।

### पिकअपको ठक्करबाट एकको मृत्यु

कैलाली । कैलालीमा एक पिकअप जीपले मोटरसाइकल र साइकललाई ठक्कर दिँदा एकको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । गोदावरी नगरपालिका-७ स्थित हरैया चोकमा से.१ च १६९० नम्बरको पिकअप जिपले से.६ प ८०५२ नम्बरको मोटरसाइकललाई र साइकललाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते भएका साइकल चालक सोही नगरपालिका-६ लालपुर बस्ने २० वर्षीय दिपेन्द्र चोखालको उपचारको लागि धनगढीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### जलेर घाइते भएकी महिलाको मृत्यु

धनुषा । आगोले जलेर गम्भीर घाइते भएकी शहिदनगर नगरपालिका-१ ठुलो चिरैया बस्ने २१ वर्षीया निर्मला देवी यादवको उपचारको क्रममा मृत्यु भएको छ । घरायसी बिवादको कारण वैशाख ५ गते उनकै पति मुकेश कुमार गोइतले मट्टितेल छर्केर आगो लगाई दिँदा गम्भीर घाइते भएको बताइएकी उनको कीर्तिपुर वर्ण अस्पतालमा उपचारको क्रममा सोमबार दिउँसो मृत्यु भएको हो । हाल फरार मुकेशको प्रहरीले खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### ६ वर्षीया बालिका मृत फेला

मोरङ । ग्रामथान गाउँपालिका-४ लविपुर बस्ने मिथुन माझीकी ६ वर्षीया छोरी जिनिका माझी मृत अवस्थामा फेला परेकी छन् । सोही ठाउँ सिंगिया मोतिपुरस्थित लोहन्द्रा खोलाको पानीमा मंगलबार बिहान मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । सोही ठाउँस्थित आफन्तको घरमा पाहुना गएको अवस्थामा हराई बेपत्ता भएकी बालिकाको खोजी गर्ने क्रममा शव फेला परेको प्रहरीले जनाएको छ ।

### ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-१ पूर्व लम्कीस्थित सडकमा कपिलवस्तु शिवराज नगरपालिका-३ बस्ने २५ वर्षीय सुनिल भण्डारीले चलाएको ना.७ ख ९२३३ नम्बरको ट्रकले मंगलबार बिहान ठक्कर दिँदा लम्कीचुहा नगरपालिका-१ बस्ने साइकलयात्री १९ वर्षीया सुनिता रावलको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनाको विषयलाई लिएर मृतकका आफन्तले पूर्व(पश्चि५म राजमार्ग अवरोध गरेकोले प्रहरीले सम्झाई बुझाई गर्ने क्रममा भीडले ढुंगा प्रहार गर्दा नेपाल प्रहरीतर्फ ७ र सशस्त्र प्रहरी बलतर्फ ५ जना गरी १२ जना प्रहरी कर्मचारी र एक जना स्थानीयबासी घाइते भएका छन् ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

कैलाली । घोडाघोडी नगरपालिका-१२ शिबपुर बस्ने १३ वर्षीया बालिकालाई आइतबार साँझ जबरजस्ती करणी गरेको अभियोगमा सोही ठाउँ बस्ने ८३ वर्षीय छोटेलाल डगौरालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । बालिकालाई जबरजस्ती करणी गरेको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सुखडबाट खटिएको प्रहरीले डगौरालाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# प्रदेश २ मा पनि कम्युनिष्ट नेतृत्वकै सरकार आवश्यक : प्रचण्ड



ललितपुर । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश २ मा पनि कम्युनिष्ट पार्टीकै सरकार आवश्यक रहेको बताएका छन् ।

उनले मधेशी दल नेतृत्वको सरकारले मधेशी जनताको भावनाअनुरूप कार्य गर्न नसकेको आरोप लगाउँदै कम्युनिष्टकै सरकार चाहिएको दाबी गरेका छन् ।

उनले मधेशमा सरकार मधेशी जनताको हित अनुकुल नचलेको बताए । 'तराई मधेशमा कम्युनिष्ट नेतृत्वकै सरकार बने मात्र त्यहाँको जनताको हितमा हुन्छ,' उनले भने ।

प्रदेश दुईमा रहेर राजनीति गरिरहेका मधेश तराई पार्टीका अध्यक्ष अमर यादवले पार्टीमा प्रवेश गर्दै संयुक्त जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन एवम् आदिवासी, जनजाति लगायत अधिकार प्राप्तिका लागि संघर्षरत सबै पक्षको योगदानबाट प्राप्त उपलब्धिलाई रक्षा गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानलाई आत्मसात गर्ने बताए ।

कार्यक्रममा मधेश तराईको सिंगो पार्टी नेकपामा समाहित भएको थियो । नवप्रवेशीलाई अध्यक्ष प्रचण्डले माला र खादा लगाई पार्टीमा स्वागत गरेका छन् । साथै, उनले संविधान गतिशील दस्तावेज भएको बताएका छन् । उनले भने, 'संविधान जनताको माग अनुसार आवश्यकता अनुसार संविधानमा परिमार्जन, विकास र संशोधन हुन्छ ।'

प्रदेश नम्बर २ मा मधेश तराई फोरमका नेता तथा कार्यकर्तालाई मंगलबार निवास खुमलटारमा पार्टीमा स्वागत गर्दै यस्तो बताएका हुन् ।

अध्यक्ष प्रचण्डले जनतालाई बढीभन्दा बढी अधिकार दिनका लागि आफूले संविधान संशोधन गराउन प्रयत्न गरेको बताए । उनले संविधानलाई जीवन्त दस्तावेजको संज्ञा पनि दिए ।

उनले संविधान संशोधनका लागि प्रधानमन्त्री एवं नेकपाका अर्का अध्यक्ष केपी ओलीसँग छलफल गरेर प्रक्रिया सुरू गर्ने धारणा राखे ।

सबैतिरको जनताले विकासको अनुभूति गरून् भन्न चाहना आफूहरूको रहेको भन्दै मधेश क्षेत्रमा विशेष कार्यक्रम ल्याउने तयारी भइरहेको उनले जानकारी दिए । उनले भने, 'हुलाकी राजमार्ग निर्माणलाई सरकारले प्राथमिकतामा राखिएको छ, तराई मधेशलाई राजधानीसंग जोड्ने फाष्ट ट्र्याकको काम पनि अघि बढेको छ ।'

**फोरम नेकपामा विलय**

अमर यादव नेतृत्वको मधेश तराई फोरम नेपाल कम्युनिष्ट पार्टीमा विलय भएको छ ।

मंगलबार नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास खुमलटारमा प्रचण्डले यादव नेतृत्वको पार्टीलाई समावेश गराएका हुन् ।

संविधानमा देखिएका केही असन्तुष्टिलाई आगामी दिनमा सरकार एवम् संसदको माध्यमबाट सम्बोधन हुने कुराप्रति विश्वास व्यक्त गर्दै मधेश तराई फोरम नेकपामा समायोजन भएको घोषणा अमर यादवले गरेका छन् ।

मधेश तराई फोरमका नेता कार्यकर्ताहरूलाई नेकपा अध्यक्ष तथा पूर्वप्रधानमन्त्री प्रचण्डले फुलमाला तथा अबिर लगाई स्वागत गरेका हुन् ।

# 'भ्रष्टाचारमा चुर्लुम्म डुबे स्थानीय प्रतिनिधिहरू'

राकेश यादव



रौतहट जिल्लाको यमुनामाई गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षको बीचमा बजेटको विषयलाई लिएर चुलिएको विवाद उत्कर्षमा पुगेको अवस्थामा नेपाली कांग्रेसले गाउँपालिकामा चरम भ्रष्टाचार भएको आरोप लगाएको छ ।

तत्कालीन एकीकृत नेकपा माओवादीबाट निर्वाचित गाउँपालिका अध्यक्ष श्रीप्रसाद मुखिया र उपाध्यक्ष गीता साहबीच चालू आर्थिक वर्षको बजेटको विषयमा उत्पन्न भएको विवादमा कांग्रेसले पासो फालेको हो ।

नेपाली कांग्रेस क्षेत्र नम्बर १ का क्षेत्रीय अध्यक्ष एवं गाउँपालिका अध्यक्ष प्रत्यासी श्रीराम यादवले सोमबार पत्रकार सम्मलेन गरी अध्यक्ष मुखिया, उपाध्यक्ष साह, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत पुष्कर घिमिरे, वड़ा अध्यक्ष नन्दलाल यादवसहितका ४ वडा अध्यक्षहरू मिलेर करोडौं रकम भ्रष्टाचार गरेको आरोप लगाएका छन् ।

गाउँपालिकामा नेकपाका बहुमत रहेकोले सबै जना मिलेर सरकारको रकम तथा आन्तरिक राजश्वमा समेत अनियमितता गरेको कांग्रेसको ठहर रहेको छ ।

मशीन खरीद, जग्गा खरीद, मोबाइल खरीद, स्टेशनरी खरीद, कार्यालय सञ्चालनको रकम अनियमितता गरेकोले छानविन गरी कार्यवाही गरिनु पर्ने जोडदार माग कांग्रेसका कार्यकर्ताहरूले गरेका छन् ।

कांग्रेसका रणधीर कुमार सिंहले पार्टीगत दम देखाएर निर्वाचित जनप्रतिनिधिहरूले लूट मचाएको बताएका छन् । गाउँ-गाउँमा सिंहदरवार आएको भएपनि यसको विपरीत निर्वाचित जनप्रतिनिधिहरू आफ्नो मोनोपोली गर्ने गरेको उनको कथन रहेको छ । सूचना माग गर्दा पनि सूचना उपलब्ध नगराएको बताए ।

अध्यक्ष, उपाध्यक्षले गएको आर्थिक वर्षमा कागजमै कार्य गरी रकम अनियमिता गरेको तथा यसपाली गर्न खोजे पनि कुरा नमिलेको कारण दुवै बीच कुटाकूट भएको टिप्पणी गरेका छन् । इन्धन खरीदमा व्यापक रूपमा भ्रष्टाचारी भएको उनीहरूको दावी रहेको छ ।

घरमा बस्ने वडा अध्यक्षहरूले पेट्रोल डीजल मोनोपोली ढंगबाट खर्च गरेको बुझिएको छ । अध्यक्ष र उपाध्यक्ष तथा गाउँपालिका प्रवक्ता नन्दलाल यादवले फर्नीचर खरीद, योजनामा रकम हिनामिना गरेको स्रोतले जनाएको छ ।

बजेटको विषय लिएर उपाध्यक्ष साहले अध्यक्ष माथि प्रहार गरेपछि अध्यक्ष मुखियाले पत्रकार सम्मलेन गरेर बजेट माग्दा नदिएकोले आक्रमण गरेको बताएका थिए ।

पछि उपाध्यक्ष साहले आफ्ना समर्थक पत्रकार बोलाएर बलजवर्दस्ती योजना अनुगमन प्रतिवेदनमा अध्यक्ष मुखियाले सहीछाप गराएको आरोप लगाएका थिए ।

अध्यक्ष र उपाध्यक्षको स्वार्थपूर्ण विवादले सर्वसाधारणको काम प्रभावित भएको छ । कार्यालयमा ताल्चा लगाएको बेला नेपाली कांग्रेसले सत्तारूढ़ दलका प्रतिनिधिको ताण्डव देखेर यसको विरोधमा संघर्ष समिति बनाएर आन्दोलन गर्ने तयारी समेत गरिसकेको छ ।

सरूवा भएर गएका निमित्त प्रमुख प्रसाशकीय अधिकृत घिमिरे कार्यालयमा कार्यरत रहेका सुब्बा शेख समसादसित मिलेर आर्थिक कमिशन लेनदेन समेत गरेको प्रतिपक्षी पार्टीको दावी रहेको छ ।

जनताले सहज रूपमा सेवा पाउनु पर्ने नेपाली कांग्रेसको स्पस्ट धारणा रहेको बताएका छन् ।

महिलाहरूले सामाजिक सुरक्षाको भत्ता लगायत अन्य कार्य गराउनका लागि कार्यालयमा दौडनु पर्ने बाध्यता रहेको दुखेसो पोखेका छन् । गाउँपालिका अध्यक्ष मुखिया र उपाध्यक्ष तथा वडा अध्यक्ष र कर्मचारीहरूको छुट्टाछुट्टै समूह भएपनि आर्थिक कारोबारको सवालमा एकमत भएको बुझिएको छ ।

नगरपालिका तथा गाउँपालिका उपमेयर, उपाध्यक्षले आफूलाई दिइएको जिम्मेवारीप्रति गम्भीर नभए पनि बजेटमा आधी अधिकार हुनुपर्ने भनी आँखा लगाएर बसेका छन् । न्यायपालिकाको जिम्मा पाएकी उपप्रमुखहरूले न्यायपालिका सञ्चालनको नाउँमा लिएको रकमको खर्च समेत सार्वजनिक गर्न सकिरहेको छैन । नियमित रूपमा कार्यालयमा न आएपनि आषाढ़ महिना आउन लाग्दा मेयरले अधिकार कटौती गर्यो भनी कराउने गरेको स्थानीयहरूले आलोचना गरेका छन् ।

निर्वाचित भएदेखि हालसम्म कति जना पीड़ितलाई न्यायको अनुभूति गराए ? न्यायिक समिति न्यायको क्षेत्रमा कति गम्भीर छ ? भनी सोधे जवाव दिन नसक्ने अवस्था रौतहटका स्थानीय तहका उपमेयरहरूको रहेको छ ।

मेयरलाई जनताले मत दिएर जिताएको छ भने हामीले जनताबाट चुनिएकोले मेयर जस्तै बजेट चलाउने अधिकार रहेको भ्रममा उपमेयरहरू आर्थिक मसान्तको अन्तमा विवाद गर्ने गरेका छन् ।

## स्थानीय सम्वाद

# आँप जोन बनाउने हाम्रो लक्ष्य हो



**हरिनारायण चौधरी**
**मेयर, धनगढीमाई नगरपालिका, सिरहा**

### संक्षिप्त परिचय

स्थापना : आश्विन ०१, २०७२
जम्मा वडा : १४
जनसंख्या : ४७,४४९
क्षेत्रफल : १५९.५१ ( वर्ग कि.मी.)
साविकका समावेश गाविसहरू : भवानिपुर, हनुमाननगर, फुल्काहाकट्टी, धनगढी, अयोध्यानगर र विष्णुपुरकट्टी
दीर्घकालिन सोंच : "कृषि, शिक्षा, पर्यटन, स्वास्थ्य, संचार र पूर्वाधार, धनगढीमाई नगरपालिकाको समृद्धिको मूल आधार"

**० तपाईं मेयरमा निर्वाचित भएदेखि जनताले जनप्रतिनिधिको अनुभूति गरेका छन् ?**

– जनताका अपेक्षाहरू धेरै छन् । हामीसँग साधनस्रोत सीमित छ । त्यसमा यो नयाँ नगरपालिका हो । नगरपालिका नयाँ भएकाले हामी शहरीकरण गर्ने प्रक्रियामा छौं । पूर्वाधारको हिसाबले यस नगरभित्र सबै गाउँ-गाउँ नै भएकोले आन्तरिक स्रोत पनि न्यून छ र बजेट पनि कम नै छ । २० वर्षसम्म जसरी स्थानीय तह जनप्रतिनिधिविहीन थिए, तुलनात्मक हिसाबले जनताका अपेक्षाहरू सम्बोधन गर्ने काम गरिरहेका छौं । हामीले पहिलो प्राथमिकतामा शिक्षालाई राखेका छौं । त्यस्तै, स्वास्थ्य क्षेत्रमा पनि जनताको सहज पहुँचका लागि प्रयत्न गरेका छौं । यस्तै, कृषिलाई आधुनिकीकरण गर्नतिर लागेका छौं । यो नगरपालिकामा १४ वटा वार्डहरू छन् र सबै वार्डहरूमा सहजरूपमा सेवा प्रवाहका लागि प्रक्रिया सुरू गरेका छौं । हामीसँग कर्मचारीको अभाव भएपनि जनताको घर-घरमा सेवा प्रवाहका लागि कामहरू गरेका छौं ।

**० भनेपछि जनताले स्थानीय सरकारको उपस्थिति महसुस गरेका छन् ?**

– हामीले जनतालाई स्थानीय सरकारको उपस्थिति अनुभूति दिलाउने कामहरू गरेका छौं र जनताले केही हदसम्म स्थानीय सरकारको अनुभूति गरेका पनि छन् ।

**० सिंहदरबार गाउँ-गाउँमा गएको छ ?**

– सिंहदरबार गाउँ-गाउँमा जनताले महसुस गरेका छन् । किनभने हामीले जनताको घरमै सेवाहरू प्रवाह गरेका छौं । सबै वार्डमा कार्यालयको स्थापना गरेर सेवा दिइरहेका छौं । जनताको जति आकांक्षाहरू छन्, सबै पूरा भएको भनेर त भन्दिँन तर हामीले प्रयास गरेका छौं । किनभने हामीसँग साधनस्रोत कम छ ।

**० जनताले अनुभूति गर्ने खालका केकस्ता कामहरू भएका छन् ?**

– सेवा प्रवाहका लागि हामीले सबै वार्डहरूलाई परिचालन गरेका छौं । पूर्वाधारको क्षेत्रमा हामीले मुख्य सडकहरूलाई कालोपत्रे गर्ने कार्य सुरू गरेका छौं । विद्यालयका भवनहरू पनि निर्माण भएका छन् । यसवर्ष हामीले सात किलोमिटर सडकलाई पिच गरिसकेका छौं । अझै हामीले १२ किलोमिटर सडक पिच गर्दैछौं ।

**० तपाइँहरूको मूल नारा के हो ?**

– धनगढीमाई नगरपालिकालाई समृद्धि बनाउनका लागि शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन मुख्य आधार हो भनेर नारा दिएका छौं । त्यसकारणले यो क्षेत्रमा प्राथमिकता तोकेर बजेट विनियोजन गरेका छौं र सम्पूर्ण गतिविधिहरू यसैमा केन्द्रित गरेका छौं ।

**० धनगढीमाईमा पर्यटनका सम्भावनाहरू के-के छन् ?**

– यहाँ धार्मिक पर्यटनका आधारहरू छन् । हामीले राजनीतिक पर्यटनको रूपमा पनि विकास गर्ने आधारहरू छन् । पुरातात्विक हिसाबले पनि धनगढीमाई भन्ने एउटा गढी छ । त्यस्तै, परापूर्वकालदेखि दुईटा राजदेवी मन्दिरहरू अवस्थित छन् । यस्तै, बनौली गढ छ । त्यसलाई एउटा कोरिडोरको रूपमा विकास गर्दै सलहेश कोरिडोरको रूपमा विकास गर्दैछौं । लोकनायक सहलेशलाई पनि कोरिडोरमा जोड्न चाहन्छौं । त्यसका लागि हामीले योजनाहरू निर्माणको प्रक्रियामा छौं ।

**० यो नगरपालिकालाई केमा आत्मनिर्भर बनाउन सकिन्छ ?**

– यस नगरपालिकाको मुख्य आधार कृषि नै हो । यहाँ अन्नबाली र आँप उत्पादन मुख्य स्रोत हो । त्यसले गर्दा हामीले तरकारी र आँपलाई प्राथमिकतामा राखेका छौं । त्यसका लागि हामीले प्रयत्नहरू गरिरहेका छौं । आँप जोन बनाउनका लागि हामीले योजनाहरू बनाउँदैछौं । त्यस्तै, हाम्रो तीन वटा वार्डमा धानको जोन छ । त्यसलाई हामीले विस्तार गरेर धान जोनको रूपमा विकास गर्ने प्रयत्न गरेका छौं । पहिलादेखि नै तरकारीको पकेट क्षेत्र र माछाको पनि पकेट क्षेत्र घोषणा भएको कारणले यसलाई कार्यान्वयनको प्रक्रियामा लान खोज्दैछौं ।

**० आँप उत्पादन धेरै हुन्छन् तर त्यसको बजार व्यवस्थापन हुन नसकेर त्यसबाट आम्दानी हुन सकिरहेको छैन । कसरी व्यवस्थापन गर्दै हुनुहुन्छ ?**

– आँपको बजार व्यवस्थापनको सन्दर्भमा संघीय र स्थानीय सरकारले मिलेर गर्नुपर्छ । किसानले जसरी उत्पादन अनुसारको फाइदा पाउनुपर्ने हो त्यसमा विचौलियाहरूका कारण समस्या हुने गरेको छ । त्यसका लागि केन्द्रबाट नै एउटा संरचना निर्माण गर्नुपर्ने आवश्यक छ । त्यस्तै, आँपलाई प्रशोधनको प्रक्रियामा लगेर व्यवस्थापन गर्न सकिन्छ । त्यसका लागि हामीले अध्ययन गरिरहेका छौं । तरकारीहरूको सन्दर्भमा कोल्डस्टोर निर्माण गर्ने अवधारणा पनि ल्याएका छौं । त्यसका लागि धनगढीमाईमा दुई दिन तरकारीको बजार लाग्दछ । त्यो बजारलाई व्यवस्थित गर्नका लागि मल्टिपर्पस बिल्डिङ्ग बनाएर व्यवस्थित गर्न चाहन्छौं ।

**० आगामी आर्थिक वर्षका लागि के कस्ता योजनाहरू बन्दैछन् ?**

– यो वर्ष हामीले करिब-करिब ५० प्रतिशत आर्थिक प्रगति भएको छ । भौतिक संरचनाको दृष्टिकोणले हेर्दा झण्डै ६० देखि ८० प्रतिशतसम्म सम्पन्न भइसकेको छ । जेष्ठ मसान्तभित्र यो वर्षको योजनाको काम सम्पन्न गरेर नगरसभा गर्ने योजनामा छौं । आगामी आर्थिक वर्षमा हामी शिक्षा, स्वास्थ्य तथा अन्य पूर्वाधारहरूको सन्दर्भमा ठोस कामहरूमा केन्द्रित हुन्छौं । हामीले आयआर्जनका लागि स्किल डेभलपमेन्टसम्बन्धी कामहरूमा दिन्छौं ।

**० धनगढीमाईलाई समृद्ध बनाउन केकस्ता चुनौतीहरू छन् ?**

– समृद्धि र विकासको अभियानलाई पूरा गर्न अवश्य नै चुनौतीहरू छन् । पुरानो मानसिकतालाई परिवर्तन गर्न अलि समस्याहरू आउँछन् । समृद्ध नेपाल सुखी नेपाली बनाउने संकल्प पहिला व्यक्तिबाट सुरू हुनुपर्छ । त्यसले गर्दा मान्छेको धारणामा परिवर्तन नगरिकन यो यो अभियानलाई पूरा गर्न सकिँदैन । त्यसले गर्दा हामीले यो अभियानलाई पूरा गर्न अगाडि बढिरहेका छौं ।



**क्यान्सर**

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

## विश्व परिवेश

# पकिस्तानमा हिन्दू चेली ज्यादै पीडित



पाकिस्तानको सिन्ध प्रान्तमा हालै तीन वटा तरूनी हिन्दू महिलाहरूको अपहरण बलपूर्वक गरेर धर्मपरिवर्तन गराएको प्रसंगले विश्वको विभिन्न भागमा ठूलो आक्रोश र तनाव पैदा गरी दिएको छ। त्यस्तै पाकिस्तानको सरकारद्वारा नियमित रूपमा दोषी मुसलमान तथा तिनीहरूको संरक्षण गर्ने र असहाय हिन्दू परिवारहरू माथि निरन्तर त्यस्तै दुर्घटनाहरूको संचालन गर्ने कार्यबाट पाकिस्तानी नागरिक समाजका अधिसंख्यक समुदायलाई ज्यादै नै विक्षुब्ध तुल्याई दिएको छ। प्रधानमन्त्री इमरान खानले छानवीन गर्ने आदेश दिएपछि इस्लामवाद उच्च अदालतले त्यस्ता घटनाहरूको छानवीन गर्न स्वतन्त्र टोली गठन गरे पनि हिन्दू समुदाय त्यसबाट आश्वश्त हुन सकेको छैन। दशकौंदेखि जबरजस्त अपराधिक गतिविधिहरू व्यापक स्तरमा हुँदै आउनुको कारण सरकारी निकायको वेवास्ता सँगै देशमा रहेका हिन्दु नागरिकहरूको संरक्षण नहुनु सरकारको विवशता र असक्षमताको स्पष्ट परिचायक हो। सही अर्थमा भन्ने हो भने प्रहरी र न्यायालयले पनि दोषीहरूलाई सघाउँदै आएको छ, जसको प्रत्यक्ष प्रमाण निर्दोष हिन्दु केटिहरूको अपहरण पश्चात जबरजस्ती धर्म परिवर्तन गर्ने कार्य निरन्तर हुँदै आएको छ।

केही समय पूर्व एक प्रमुख अंग्रेजी दैनिक 'डेली टाइम्स'ले सिन्ध प्रान्तका हिन्दु केटीहरू विरूद्ध गरिएको अपराधिक क्रियाकलापहरू सम्बन्धमा केही वीभत्स प्रतिवेदन प्रकाशित गरेको थियो, जसमा गत दुई वर्षमा १६०० जति परिवारहरूबाट ७ हजार देखि १० हजार हिन्दुहरूले देश परित्याग गरेका थिए। त्यसमा पाकिस्तानको सिन्ध प्रान्तबाट अधिकांश हिन्दु केटीहरूलाई अपहरण गरेपछि जबरजस्ती धर्म परिवर्तन गराईएको थियो। तथाकथित 'आतंकविरूद्धको युद्ध'को शुरूआत पछि हिन्दु केटिहरूलाई अपहरण पछि बलात्कार र धर्मपरिवर्तनको क्रम धेरै बढ्न गएको थियो। अधिकारीवर्ग अधियुक्तहरूका गुलाम जस्तै रहेकाले सरकार तथा न्यायक्षयबाट समेत कुनै आशालाग्दो स्थिती नदेखेर थुप्रै परिवारहरू पाकिस्तान छाडेर अन्य देशमा पलायन हुन वाध्य गरिएका थिए। इस्लामिक आतंकवादी संगठनहरूको पाकिस्तान सेनासँग जबरदस्त संठगाँठ रहेकोले तिनीहरू सिन्ध प्रान्त भरीबाट हिन्दु केटीहरूलाई छानेर जबरजस्ती धर्मपरवर्तन गराउने अभियान संचालित गर्दै आएका छन्।

प्रख्यात अंग्रेजी दैनिक 'डान'ले एक घतलाग्दो प्रतिवेदन मार्फत यस्तो खालासा गेको थियो- 'जसरी मुल्लाहरू र जमीनदार तथा सामन्तहरूले गरिबीमा रहेका हिन्दु समुदायहरूको शोषशण गर्दै आफ्नो दबावमा बस्न बाध्य पार्दै आएको छ, त्यो धेरै नै दुखदायी र चिन्तनीय कुरा हो। एक सम्पादकीय मार्फत 'डान' पत्रिकाले कलिलो उमेरका तरूनी हिन्दु केटीहरूको अपहरण गरेर बलात्कार तथा धर्मपरिवर्तन गराउने कुकृत्यहरूले त वैधानिकता नै प्राप्त गरेको जस्तो अभिव्यक्ति सार्वजनिक गरेको थियो।' त्यसले आपत्तिजनक प्रश्न तेर्स्याई दिएकोछ- 'कसैले पनि कसरी त्यस कारे स्पष्ट पार्न सक्दछ कि कलिलो उमेर की केटीहरू तथा विवाहयोग्य महिलाहरूले त्यस्तो व्यापक स्तरको अपराधिक स्थितिसँग सम्झौता गर्न सक्छिन र यदि स्वेइच्छाले त्यस्तो गरी हाले पनि विवाह पश्चात तिनीहरूले आ-आफ्ना परिवारको सम्पर्कमा किन आउन सकेकी छैनन्।

राष्ट्रिय न्याय र शान्ति आयेगले आफ्नो विस्तृत प्रतिवेदन मार्फत अपहरण र जबरवस्ती धर्म परिवर्तन गराउने क्रियाकलापहरूलाई त्यस क्षेत्रका नगरहरूमा सामान्य घटना र क्रियाकलाप जस्तै भै सकेको छ। "पाकिस्तानमा जबरजस्ती विवाहको अवस्था" प्रतिवेदन शीर्षकमा कसरी हिन्दु केटीहरूलाई विहे गर्नु भन्दा अगाडी धर्म परिवर्तन गर्न निमित्त इस्लामिक केन्द्रहरू अथवा मस्जिदहरूमा बन्धक बनाएर राख्ने सम्बन्धमा स्पष्ट पारिएको छ। प्रतिवेदनमा स्थानीय अधिकारीहरूको समेत प्राय : मौन प्रपंचपूर्ण स्वीकृति रहेको छ किनकि मुद्दा दर्तामा पछि पनि अपारधिहरू र अपराध संचालकहरूलाई खुल्ला रूपमा बाहिर जाने स्वीकृति दिने गरिएको छ। त्यस प्रतिवेदनमा पनि अदालतबाट कानुन अनुसार दण्डित गर्ने कार्य नगन्यरूपमै हुने उल्लख गरिएको छ।

सबभन्दा पछिल्लो घटनाप्रति व्यापक स्तरमा निन्दा गरिएको छ। पाकिस्तान मानव अधिकार आयोगले जबरजस्ती धर्मपरिवर्तनको नर वा अनौठो वास्तविकता यो छ कि त्यो अपराध जस्तो नदेखेर मुस्लिम पाकिस्तानको मुलधारको एउटा समस्या भन्दा पनि कम छ। दुई केटी पिताद्वारा दर्न एफ.आई.आर. सम्बन्धमा आयोगले खेदसाथ "राज्यको दायित्व हरेक नागरिकको धार्मिक आस्था र स्वतन्त्रताको रक्षा गर्नु हो" खुलासा गरेको थियो। 'डान' पत्रिकाको एक संवाददाताले केही वर्ष अगाडी फैज मिर्जाले तीन वटी हिदु केटीहरूको व्यथा सम्वन्धमा यसरी लेखेकी थिईन्- "म ती सबै केटीहरूको व्यथा हुँ जो दिनहुँ अन्याय पाए पछि मर्ने गरेकी छिन् ? म एक घोर आततायी र अत्याचारी समाजमा बस्ने एक अल्पसंख्यक मात्र हुँ।" – *एजेन्सीको सहयोगमा*

## पत्रपत्रिकाबाट...

# पाइपलाइनबाटै अमलेखगन्ज डिपोमा तेल भित्र्याउने तयारी

सिमरा। असारदेखि पाइपलाइनबाटै नेपाल आयल निगमको अमलेखगन्ज डिपोमा तेल भित्र्याउन तयारी थालिएको छ। पाइपलाइन रूटभित्र परेको पर्सा राष्ट्रिय निकुञ्जको साढे ५ किलोमिटर जंगल क्षेत्रका रूख कटान भइसकेका छन्। अब साढे ३ किलोमिटर जंगल क्षेत्रको रूख काट्न मात्र बाँकी छ। भारतीय सिमानादेखि अमलेखगन्जसम्म ३६ किलोमिटरमध्ये ३१ किलोमिटरसम्म पाइपलाइन बिछ्याउने काम पूरा भएको मोतीहारी-अमलेखगन्ज परियोजना कार्यालयका प्रमुखसमेत रहेका अमलेखगन्ज आयल निगमका प्रमुख इन्जिनियर प्रदीप यादवले जानकारी दिए। अहिलेसम्म ५ किलोमिटर पाइपलाइन मात्र गाड्न बाँकी छ। वैशाख महिनाभित्र पाइपलाइन गाड्ने काम सकिने उनले बताए। 'जेठ महिना टेस्टिङ गर्नमै लाग्छ,' उनले भने, 'असारबाट पाइपलाइनबाटै तेल भित्रिन्छ।' अहिले भइरहेको कामको गतिअनुसार असारबाटै तेल भित्रिने अनुमान गरिएको यादवले जानकारी दिए। उनका अनुसार अबको १५ दिनभित्र रूख काटेर रूट क्लियर गरिनेछ।

वैशाखभित्र पाइप गाड्ने काम पूरा हुनेछ। रूख कटानसँगै पाइपलाइन वेल्डिङ गर्ने र गाड्ने काम पनि भइरहेको मोतीहारी-अमलेखगन्ज परियोजना कार्यालय सिमराका इन्जिनियर शरद पौडेलले बताए।

वन क्षेत्र भएकै कारण पथलैया-अमलेखगन्ज निकुञ्ज क्षेत्रमा पाइपलाइन गाड्ने काम ३ महिना पछाडि धकेलिएको परियोजनाका अधिकारीले बताए। संघीय सरकारको मन्त्रिपरिषद्ले गत माघ ३ गतेको बैठकको निर्णयअनुसार पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय आधाभार बाराले निकुञ्ज क्षेत्रको रूख काटेर पेट्रोलियम पाइपलाइन गाड्ने अनुमति दिएको थियो। अनुमति पाएपछि परियोजनाका अधिकारीले अमलेखगन्ज आयल निगमभन्दा दक्षिण क्षेत्रको झाडी सफा गरेर १० दिनदेखि पाइपलाइन गाड्ने काम सुरू गरेका थिए। त्यही क्रममा पुरानो ठेकेदारले ठेक्का लिन पेस गरेको कागजात फर्जी देखिएपछि उक्त ठेक्का दोस्रो ठेकेदारले पाएका थिए।उनले पनि प्रक्रिया पूरा गरेर काम सुरूगर्दा अझ केही दिन ढिलो हुन गएको जानकारी दिए।

मोतीहारी-अमलेखगन्ज पाइपलाइनको दूरी ६९ किलोमिटर रहेको नेपाल आयल निगम अमलेखगन्ज डिपोले जनाएको छ। ३२ दशमलव २० किलोमिटर पाइपलाइन भारतीय क्षेत्रमा र ३६ दशमलव २० किलोमिटर पाइपलाइन नेपाली क्षेत्रमा पर्छ। भारतको रक्सौलदेखि पथलैयासम्म पर्ने २७ किलोमिटर दूरीमा पाइपलाइन गाड्ने काम वैशाखअगाडि नै सम्पन्न भइसकेको छ। निकुञ्ज क्षेत्रबाहिरको ६० किलोमिटर दूरीमा पाइपलाइन गाड्ने काम सम्पन्नभइसकेको छ।

पथलैयादेखि अमलेखगन्जसम्मको निकुञ्ज क्षेत्रको पाइपलाइन गाड्ने रूटबाट ८ वटा ब्लक मार्फत ६ हजार ५ सय ६३ वटा रूख तथा पोल काटिंदै छ। यस्तै उक्त रूटबाट ८१ हजार ६ सय पोथ्राहरूको कटान, मुछान, ढुवान, पाइलिङ, घाटगद्दी, जरा उखेल्नेलगायतका काम भइरहेको बीआर सप्लायर्सका सञ्चालक विदुरकुमार विष्टले जानकारी दिए। *कान्तिपुरबाट*

## नेपाल आयल निगम लि.को खाना पकाउने ग्यास (एल.पी.ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरूरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**

१. खाना पकाउने स्थानमा एल.पी. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिरहेको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईमा बस्छ, यस्तो अवस्थामा झ्याल ढोका सबै खुल्ला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै: ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुली बत्ती लगायत कुनै पनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिन्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्यास बिक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

*सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो। उपभोक्तको हितमा नेपाल आयल निगम लि.*

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

## जिल्ला समाचार

### विपक्षीले विरोध गरेपनि निर्माण कार्य तीव्र

रौतहट। सत्तारूढ दलका स्थानीय नेताको विरोधका वावजूद पनि रौतहट जिल्लाको गौर नगरपालिकामा शहरी विकास मन्त्रालयअन्तर्गत सघन शहरी कार्यक्रमको विकास निर्माणका कार्य तीव्र रूपमा सञ्चालन रहेको छ। नेपाल सरकारको शहरी मन्त्रालयबाट सडक नाला निर्माणको कार्य हुन लाग्दा नेकपाबाट स्थानीय निर्वाचनमा नगरपालिकाको मेयर प्रत्यासी शम्भू साहले योजना कार्यान्वयनको जिम्मा पाएका निर्माण कम्पनीको विरूद्धमा भ्रामक प्रचार प्रसार गरेर निर्माण कार्य अवरूद्ध गर्न खोज्दा पनि निर्माण कार्य रूक्न सकेको छैन। सरकारले स्वीकृत गरेका लागत स्टीमेट अनुसार कार्य गरिरहेको अवस्थामा प्रतिपक्षी दलका स्थानीय नेताहरूले विकास निर्माणको कार्य अवरूद्ध गर्ने षड्यन्त्र गरेपनि गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताको सक्रियतामा सड़क तथा नाला निर्माणका कार्य तीव्र रूपमा अघि बढ़ाइएको हो। योजना कार्यान्वयनको शिलशिलामा स्तरीयता सित कुनै समझौता नगर्ने मेयर गुप्ताले कड़ाईका साथमा निर्माण कार्यको अनुगमन गर्ने गरेका हुन्।

### प्रदेशसभा सदस्यद्वारा मस्जिद शिलान्यास

वीरगन्ज। वीरगन्ज महानगरपालिका वडा नं २७ कुहडीमा जामे मस्जिदको शिलान्यास भएको छ। प्रदेशसभा सदस्य राजेश्वर प्रसाद साहको संसदीय क्षेत्र विकास कार्यक्रमअन्तर्गत निर्माण हुने जामे मस्जिद शिलान्यास कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री अजय कुमार चौरसिया रहेका थिए। प्रदेशसभा सदस्य राजेश्वर प्रसाद तेलीले सो मस्जिदको शिलान्यास गरेका हुन्। यसअघि पर्सागढी नगरपालिका वडा नं ३ मा रहेको आमोदेवी मन्दिर प्रवेशद्वारको शिलान्यास प्रदेश सभा सदस्य तेलीकै क्षेत्र विकास कार्यक्रम अन्तर्गत चौरसियाले गरेका थिए। प्रदेश सभा सदस्य राजेश्वर प्रसाद साहको संसदीय क्षेत्र विकास कार्यक्रमअन्तर्गत निर्माण हुने जामे मस्जिदको कुल लागत ५ लाख रहेको तेलीले बताए।

### असफल बनाउन खोजेको आरोप

बुटवल। प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले सरकारलाई असफल बनाउने प्रयास भइरहेको बताएका छन्। सरकारको गति देखेर विपक्षीहरू बदनाम गराउने खेलमा लागेको उनको दाबी छ। मजदूर दिवसको अजसरमा बुधबार बुटवलमा आयोजित कार्यक्रममा मुख्यमन्त्री पोखरेलले भने, देश सुधारका प्रयासहरू सहन नसकेर केही शक्तिहरूले विभिन्न प्रोपोगाण्डा गरी सरकारलाई असफल बनाउन खोजिरहेका छन् तर, देश बनेरै छाड्छ।'संघीय, प्रदेश र स्थानीय तहका धेरै नेकपाको सरकार रहेको भन्दै उनले तीनै तह मिलेर काम गर्ने र देशलाई समृद्ध बनाएर छाड्ने दाबी गरे।

### २१ वर्षीया किशोरीको वीभत्स हत्या

मणि प्रसाद गैह्रे, कपिलवस्तु। कपिलवस्तुको वाणगंगा नदी किनारमा एक किशोरीको हत्या भएको छ। वाणगंगा नगरपालिका वडा नं. ८ बालापुर भन्ने स्थानमा स्थानीय सुनिता थारूको हत्या भएको हो। बालापुर निवासी २१ बर्षीय थारूको हत्या विभत्स तरिकाबाट भएको छ। सुनितासँगै उनका परिवारले राती नौ बजेको समयमा नुहाउन भन्दै वाणगंगा नदीमा लगेका थिए। तर, उनलाई नुहाउने निहुँमा हत्या गरियो। हत्याबारे थप अनुसन्धान गर्नका लागि इलाका प्रहरी कार्यालय पिपराले श्रीमान्सहित तीन जनालाई नियन्त्रणमा लिएको छ। थारूको एक वर्षअघि प्रेम विवाह भएको बताइएको छ। नुहाउन गएकी छोरी रातीसम्म घर नफर्किए पछि उनका माइती पक्षका बुवा तुल्सी थारूले विहान साढे ३ बजे प्रहरीलाई जानकारी गराएका थिए। सुनितालाई कुटपिट संगै यातना दिएर हत्या गरिएको छ। विगतका दिनहरूमा पनि घरकी सासु र दिदीले यातना दिदै आएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। अहिले घटनाको बारेमा थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

### आगलागीबाट तीन करोडको क्षति

वीरगन्ज। वीरगञ्ज-११ श्रीपुरमा सञ्चालित पेन्ट उद्योग र गोदाममा मंगलबार साँझ भीषण आगलागी भएको थियो। पौने ६ बजेतिर लागेको आगो नियन्त्रणमा लिन वीरगञ्ज महानगरपालिका २, पोखरिया, कलैया, जीतपुर सिमरा, सिमरा विमानस्थल, अमलेखगञ्ज स्थित आयल निगम डिपो, हेटौंडा, निजगढ, चन्द्रपुर, हरिवन, रक्सौल लगायतका स्थानबाट आएका दर्जन दमकल प्रयोग भएको थियो। अग्नि नियन्त्रक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी मिलेर राति साढे ११ बजेतिर मात्रै नियन्त्रणमा आएको थियो। आदर्शनगरका अजय साहले सञ्चालन गरेको लक्ष्मी दिप इन्टरप्राइजेज र लक्ष्मी पेन्ट एन्ड केमिकल इन्डष्ट्रिज प्रालीमा आगलागी हुँदा ३ करोड रूपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ। विद्युत सर्ट भएर आगलागी भएको अनुमान छ।

### फोरम नेपाल कपिलवस्तुमा यादव

दिलिप कुमार यादव, कपिलवस्तु। संघीय समाजवादी फोरम नेपाल जिल्ला समन्वय समिति कपिलवस्तुको सर्वसम्मात रूपमा शैलेन्द्र कुमार यादव अध्यक्षमा निर्वाचित भएका छन्। आइतबार भएको अधिवेशनमा यादवको नेतृत्वमा ३६ सदस्यीय कार्यसमिति चयन गरिएको छ। यादवलाई अध्यक्ष सर्वसम्मत घोषण गर्दै बाँकी पदका लागि बैठक बसी कार्यसमिति विस्तार गर्ने निर्वाचन समितिका संयोजक संदीप पाण्डेयले बताएका छन्। नवनिर्वाचित अध्यक्षसगैं जिल्ला समन्वय समितिका लागि १० वटै स्थानीय तहका ३६ जना सदस्यहरूलाई टिका लगाई तथा गम्छाले सम्मान गर्दै फोरम नेपालका केन्द्रीय सदस्य तथा प्रदेश नं. ५ का संसदीय दलका नेता सहसराम यादव, केन्द्रीय सदस्य रामबरण यादव लगायतले सफल कार्यकालको शुभकामना दिएका छन्।

### पूर्वाधार विकास आयोजनाको कार्यालय स्थापना

महोत्तरी। बर्दिवास नगरपालिकामा बर्दिवास मेडिकल कलेज स्थापनाका लागि पूर्वाधार विकास आयोजनाको कार्यालय स्थापना गरिएको छ। कार्यालयको एक कार्यक्रम बीच उपप्रधानमन्त्री एवम् रक्षामन्त्री इश्वर पोखरेलले उदघाटन गरेका हुन्। नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माणको लागि आयोजनाको कार्यालय स्थापना गरेको छ। मन्त्रिपरिषद् बैठकले प्रदेश २ को महोत्तरीको बर्दिबास सरकारी मेडिकल कलेज स्थापनाका लागि पूर्वाधार निर्माण विकास आयोजना स्वीकृत गरेको थियो। आयोजना कार्यालय स्थापना भएसंगै मेडिकल कलेजको लागि आवश्यक काम कारवाही यथासिघ्र सुरू हुने उनले बताए। सिफारीस भएको जग्गामा सरकारी वन रहेकोले मन्त्रालयमा आवश्यक प्रक्रियाको कारण रोकिएको छ। कलेजको पूर्वाधार तयार गर्न ३ वर्षमा सक्ने लाग्ने बताइएको छ।

### बिना दर्ता सञ्चालित विद्यालयहरू बन्द गरिने

धनुषा। शहीदनगर नगरपालिकाभित्र बिना दर्ता सञ्चालित विद्यालयहरू बन्द गरिने भएको छ। शहिदनगर नगरपालिका नगर शिक्षा समितिद्वारा आयोजित तथा नगर प्रमुख उदय कुमार बरबरियाको प्रमुख आतिथ्यमा सुरक्षा निकायसँगको बैठकमा सो निर्णय गरिएको हो। उक्त बैठकमा बिना दर्ता भएको विद्यालयहरू बन्द गराउन नगरपालिका, नगर शिक्षा समिति, इलाका प्रहरी कार्यालय र शसस्त्र प्रहरी बल रहने गरी कार्य दलसमेत गठन गरिएको छ। उक्त बैठक नगर शिक्षा समितिकको सभापति रमरतन पासवानको सभापतित्वमा सम्पन्न भएको छ। नगर शिक्षा समिति सदस्य राजकुमार कर्माचार्य, प्रदिप कुमार साह, स्रोत बयकती धनेश्वर यादब, इन्स्पेक्टर भीम खड्का, सशस्त्र इन्स्पेक्टर किस्माना तामाङ तथा नगर शिक्षा समिति सदस्यहरूको उपस्थिति रहेको नगरप्रमुख बरबरियाले जनाएका छन्।

### "प्रहरीसँग एक दिन" कार्यक्रम सम्पन्न

रौतहट। जिल्ला प्रहरी कार्यालय रौतहट र सामुदायिक प्रहरी सेवा केन्द्र गौरको संयुक्त आयोजनामा समुदाय-प्रहरी साझेदारी अन्तर्गत 'प्रहरीसँग एक दिन' कार्यक्रम जिल्ला प्रहरी कार्यालय रौतहटमा सोमबार बिहान सम्पन्न भएको छ। कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक भूपेन्द्र बहादुर खत्रीले प्रहरीको काम कर्तव्य, जिम्मेवारी, प्रहरीले हेर्न मुद्दाको किसिम र नागरिकलाई प्रदान गरिएको सेवा र हासिल भएको उपलब्धी सम्बन्धमा जानकारी गराएका थिए। साथै उनले विद्यार्थीको जिज्ञासा समेत सम्बोधन गरेका थिए। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रहरी कर्मचारीहरू, अभिभावक एवं र विद्यार्थीको उपस्थिति रहेको थियो।




चीन र नेपालका राष्ट्रपति बीच औपचारिक भेटपछि ७ वटा सम्झौतामा हस्ताक्षर भएको छ । पारवहन प्रोटोकलमा हस्ताक्षर हुनु एभरेष्ट भन्दा पनि अग्लो महत्व राख्छ । उखान टुक्के ओली भनिएपनि यिनका कतिपय काम युगान्तकारी खाले देखियो । तत्काल परिणाम नखोज्ने हो भने पछिका लागि ठूलो सम्भावना उध्रेको छ । **जेपी गुप्ता**


सरकारको जागिरे नै भएनि बेथिति-बिसङगति बिरूद्ध आवाज उठाउन पाउनु उसको नैसर्गिक अधिकार हो । यो नागरिकको परम कर्तव्य पनि हो । बहादुर सरकारको काम त आफ्नो देशको रक्षा गर्नु, बिदेशी हस्तक्षेपबाट आफूलाई जोगाउनु हुन् । पुरस्कृत गर्नु पर्ने नागरिकलाई खोजी-खोजी कारबाही गर्नु होइन । **भिमार्जुन आचार्य**


एक महिला वीरगन्ज आएको बेला सीडीओ आफिस अगाडि नागरिकता लिन लामबद्ध सबैलाई भारतीय देखिछन् । अनि त्यो भिडियो पनि खुब भाइरल भएछ । भारतीय हुन् भन्ने कुनै आधार देखिदैन उनको भिडियोमा, कालो अनुहार, धोती लगाएका सबै भारतीय हुँदैनन् भन्ने अझैपनि धेरैलाई थाहा छैन जस्तो छ । **भुषण यादव**


क्यापटेन बिजय लामा विमान उडाउँदै टिभीमा कार्यक्रम चलाउने, चलचित्रमा अभिनय गर्ने, गित तथा विज्ञापनहरूमा मोडलिगं गर्ने, निगमबारे मिडियामा ईन्टरभ्यू दिने, गोष्ठीहरूमा सहभागी भई प्रवचन दिने मानिस हो । लामा आफ्नो रूचीका बिषयसँग थाक्दैनन् । बाहना बनाएर प्रवक्ता पद खाईदिएको मात्र हो । **दिलनिशानी मगर**


राजपासँग एकताको कुरा गर्ने अनि एकैपटक नयाँ शक्ति पार्टीसँग एकता गर्ने सुत्रलाई राजनीति भनिन्छ । मधेश र देशको नजरले हेर्दा पछिल्लो समय उपेन्द्र यादव रणनीतिक रूपमा सफल हुँदै गएको देखिन्छ, नेतृत्व, नियत, निति र रणनीतिको सहि सदुपयोग गरेको देखिन्छ । राजपाको ढुलमुल शैलीले उपलब्धि हुने देखिएन । **अनन्त अनुराग**


"बेटी बचाऊ, बेटी पढाउँ" अभियान शुरू गरेर सफल बनाउन लागि परेका प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतलाई उनकै सरकारका उद्योग, पर्यटन, बन तथा वातावरण राज्य मन्त्री सुरेश कुमार मण्डलले सिरहामा १४ बर्षीय बालिकाको बिहे गराएर ठाँडो चुनौती दिएका छन् । तर, अफसोच बालबिबाह गराएका मण्डल बिरूद्ध कसैले बोलेका छैनन् । **विकास ठाकुर**


म यस्तो राष्ट्रबादको विरोध गर्छु, जसले आफ्नै देशभित्र एक देशी र अर्को विदेशीको दुर्गन्ध फैलाउँछ । यो देशलाई बहुराष्ट्रवाद भने हो भन्ने पनी विरोध गर्नुपर्छ किनभने एउटाले अर्कोलाई अराष्ट्रिय देख्छ, कुतत्वले खेल्नेछ र भविष्यमा ठूलो द्वन्द्वको मैदान बन्छ । **रामानन्द यादव**


सार्वजनिक जग्गा अतिक्रम गरि बनाइएका टहरा त भत्काए त्यसरी नै सार्वजनिक जग्गा अतिक्रमण गरि बनाइएका ठमेलका छाँया सेन्टर जस्ता महलहरूमा डोजर कहिले चल्छ,चल्छ कि चल्दैन होला भन्ने जिज्ञासा छ मेरो । यतातिर पनि ध्यान जाओस् । **अर्जुन खड्का**

# तीन देशको पेण्टिङ प्रदर्शनी



काठमाडौं । काठमाडौंको बबरमहलस्थित आर्ट ग्यालरीमा तीन देशका पेण्टिङहरूको प्रदर्शनी भएको छ । नेपाल, भारत र बंगलादेशका आर्टिष्टहरूले तयार पारेको पेण्टिङ प्रदर्शनीको उद्घाटन नेपालका लागि भारतीय राजदुत मञ्जिव सिंह पुरीले गरेका थिए । बंगलादेशका कलाकार खलिफ प्लासले आई ग्लासबाट हेर्नुपर्ने पेण्टिङ्ग ८ वटा, भारतबाट ११ जनाको पेण्टिङ्ग समावेश थिए भने छ वटा मेटलका थिए । नेपालबाट २४ जनाको पेण्टिङ्ग समावेश छन् । संजय मोरिया मुम्बई, गायत्री माबुरू, भारत उडिसा, ऋतु सिंह दिल्ली सहभागी थिए ।

# नेपाल र भारतका कविले सुनाए कविता

नेपाल । भारतका दुई दर्जनबढी कविहरूले झापाको दमकमा आआफ्ना कविता सुनाएका छन् । नेपाली साहित्यको विगत र वर्तमान अवस्थाको चिन्ता र चासोका कवितामार्फत् कविहरूले आफैलाई थप पुरस्कृत हुनुपर्ने आवाज उठाए । कविता वाचन कार्यक्रममा भारतबाट आएका कविहरू मुख्य अतिथि थिए । कार्यक्रम प्रतिभा निकेतन र विद्याशिल्पा एकेडेमी दमकको साहित्य विभागले संयुक्त रूपमा आयोजना गरेको थियो ।
कार्यक्रममा भारत सिलिगुडीबाट कवि मुक्ति उपाध्याय बराल र सिक्किमबाट कवि अमर बानियाँ 'लोहोरो' आएका थिए । प्रा.डा.गोविन्द भट्टराईको संयोजनमा भएको कार्यक्रममा भारतीय कविद्वय उपाध्याय र बानियाँको कृतिमाथि विमर्श पनि गरिएको थियो । कवि उपाध्याय र बानियाँले भारतमा बसेपनि नेपाली भाषा, साहित्यका लागि गरिएका प्रयासहरूबारे जानकारी पस्किए । उनीहरूले आआफ्ना उत्कृष्ट रचनाहरू समेत प्रस्तुत गरे । उनीहरूले नेपाल-भारत सीमानालाई छिचोलेर दुवै देशका कविहरू सँगै भेला भएर आपसमा रचना सुन्ने र सुनाउन पाउँदा खुसी लागेको अनुभूति सुनाए

# मुसहर समुदायका बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण

सिरहा । सवरी संकल्प समाज गोलबजार सिरहाले अन्तर्राष्ट्रिय मजदुर दिवसमा मजदुर समुदायका ८५ जना मुसहर समुदायका बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गर्दै अन्तर्राष्ट्रिय मजदुर दिवस मनाएका छन् । कृषि तथा दैनिक मजदुरी गरेर जिवनयापन गर्ने गोलबजार नगरपालिकाका मुसहर समुदायका ८५ जना बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गरि मजदुर दिवस मनाएका हुन् । मई १ मा मनाईने अन्तर्राष्टिय मजदुर दिवसको अवसरमा मजदुर समुदायका बालबालिकाहरूको शैक्षिक निरन्तरताको लागी शैक्षिक सामग्री वितरण तथा बालबालिकाहरूको प्रोतसाहान कार्यक्रम आयोजना गरि बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गरिएका थियो । अर्काको खेतमा मजदुरी गर्ने, इटा भटामा काम गर्ने, घर निर्माणमा काम गर्ने, टयाकर चालक र मजदुरीका लागी विदेसीयएका मुसहर समुदायका कक्षा ५ देखी कक्षा १० सम्म अध्ययन गर्ने बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गरि बालबालिकाहरू शिक्षा प्रति प्रोत्साहित गरेका थिए । कार्यक्रममा मुसहर समुदायका पहिलो डाकटर तथा सिरहा जिल्ला अस्पतालका निमित प्रमुख डाक्टर दिलिप सदाको प्रमुख अतिथ्यमा सम्मपन भएको उक्त कार्यक्रममा बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गर्दै उहाले समाजाजिक परिवर्तणका लागी शिक्षामा जोड दिन आग्रह गरे थिए । उनले आफु पनि मजदुर कै छोरा हु, मजदुरको काखबाट डाक्टर बन्न सक्छ भन्ने प्रमाणित उदाहरण स्वय रहेको बताएका थिए ।

# चीन र...

चिनियाँ अधिकारीलाई भेटाएका थिए ।
मधेशी दलहरूसँग चीनले सम्बन्ध बढाउँदै लैजानु भनेको मधेशी दलहरूप्रति चीनको हेर्ने दृष्टिकोणमा परिवर्तन आउन थालेको संकेतको रूपमा बुझिएको छ । विगतमा चीनले मधेशी दलहरूलाई उनीहरूको भारतप्रतिको राजनीतिक निकटताका कारण शंकाको दृष्टिकोणले हेर्ने गर्थ्यो ।
नयाँ संविधानप्रति असन्तुष्टि राख्दै मधेशी दलहरू आन्दोलनमा रहँदा चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) अन्तर्राष्ट्रिय विभागका सहायक मन्त्री डोउ यिनयोङ नेतृत्वको पाँच सदस्यीय टोली काठमाडौं आएको थियो । विभिन्न राजनीतिक शक्तिका अलावा उनीहरू मधेशी नेताहरूसँग संघीयताबारे गहिरो चासो राखेका थिए ।
मधेशी दलहरू मधेशप्रति चीनको दृष्टिकोण बदल्ने कोशिसमा छन् । चीनले मधेशका मागप्रति सकारात्मक दृष्टिकोण राखोस् भन्ने उनीहरूको चाहना देखिन्छ । भू-राजनीतिक उतारचढावका कारण पछिल्ला केही वर्ष यता मधेशमा उत्तरी छिमेकी चीनको चासो बढ्दै गएको छ । चीनबाट हरेक वर्ष उच्च राजनीतिक तहको नेपाल भ्रमण हुने गरेको छ । दुई वर्षयता त्यस्ता भ्रमण टोलीले मधेशकेन्द्रित दलका नेताहरूसँग पनि भेटघाट र छलफल गर्न थालेका छन् । किनभने पछिल्लो समयमा मधेशी दलहरू पनि महत्वपूर्ण राजनीतिक शक्तिका रूपमा देखिएकाले चीनले उनीहरूसँग सम्बन्ध बढाउन खोजेको देखिन्छ ।
पहिलो र दोस्रो मधेश आन्दोलनपछि मधेशको राजनीतिले राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचान पाएको हो । मधेशी दलहरूलाई सुरूदेखि नै भारतपरस्त भएको आरोप लाग्दै आएको छ । तर, मधेशका आन्दोलनले उठाएका मुद्दाहरूमा दक्षिणी छिमेकी भारत मात्र होइन, पश्चिमा मुलुक र चीनको पनि चासो ह्वात्तै बढेको देखिन्छ ।
त्यसको उदाहरण हो, २०६५ फाल्गुणमा फोरम नेपालको वीरगन्ज महाधिवेशन । पहिलो सविधानसभा निर्वाचनबाट चौथो राष्ट्रिय शक्तिको रूपमा उदाएपछि फोरम नेपालको राजनीतिक उचाइ ह्वात्तै बढेको थियो । उक्त महाधिवेशनमा सीपीसीको दक्षिण एसिया तथा एसिया-प्यासिफिक मामिला प्रमुख आई पिङले नै सहभागिता जनाएका थिए, जसले राजनीतिक बहसको रूप पाएको थियो ।
त्यतिबेला चिनियाँ पक्षले मधेशको राजनीतिबारे खासै चासो र सरोकार राखेको थिएन । सीपीसी नेता आईले महाधिवेशनको सफलताको शुभकामना मात्र दिएका थिए । यद्यपि, उक्त सहभागितालाई राजनीतिक वृतमा गम्भीरतापूर्वक लिइएको थियो । र, त्यतिबेला देखि नै मधेश र चीनबीच चर्चा हुन थालेको हो ।
पछिल्लो समयमा चीनको प्राज्ञिक वृत्तले पनि मधेशबारे बाक्लै अध्ययन र बहस थालेको छ । पहिलो मधेश आन्दोलनलगत्तै चिनियाँ प्राध्यापक वाङ होङवेईले अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूले नेपालको तराईलाई अस्वाभाविक रूपमा अस्थिर बनाउन खोजेको कडा टिप्पणी गरेका थिए । चीनको नेपाल नीतिमा प्रभाव पार्ने हैसियत भएका वाङले दिएको एउटा अन्तरवार्तामा तराईमा अन्तर्राष्ट्रिय चलखेल बढ्दै गए चीन चुप लागेर नबस्नेसम्म बताएका थिए । उनको यस्तो टिप्पणीको नेपाल भित्र आलोचना भएपनि यसले मधेशप्रति चीनको झुकावको रूपमा अर्थ्याउने थालिएको थियो ।
चीनले अघि सारेको महत्वाकांक्षी परियोजना 'वान बेल्ट, वान रोड' (ओबिओआर) ले मधेशलाई पनि समेट्नुपर्ने चीनको धारणा छ । नेपालको उत्तरी सीमासहित विभिन्न मुलुकसँग चीनको सिधा पहुँच हुने यो परियोजनालाई चीनले हालैका दिनमा 'द बेल्ट एन्ड रोड'को नाम दिँदै आएको छ । भारतले यो परियोजनालाई महत्व नदिए पनि नेपालले भने कार्यान्वयनका लागि हस्ताक्षरसमेत गरिसकेको छ ।
मधेशका अर्थविद्हरू पनि ओबिओआरको विस्तार मधेशसम्म हुनुपर्ने धारणा राख्छन् । यसले न्यून आय भएको तथा सम्भावना भएर पनि सँधै ओझेलमा परेको मधेश क्षेत्रको विकासमा सकारात्मक योगदान पुर्‍याउने उनीहरूको तर्क छ ।
चीनको ओबिओआर परियोजनाले मधेशको अर्थतन्त्रलाई सकारात्मक वृद्धितर्फ डोर्‍याउन सहयोग गर्न सक्छ । नेपालमा चिनियाँ व्यापार बढ्दै गएको छ, यो परियोजनाबाट चिनियाँ लगानी मधेशमा भित्रिए मधेशको अर्थतन्त्र र आर्थिक गतिविधिमा पनि सकारात्मक प्रभाव पार्न सक्छ । अर्थतन्त्रको विविधीकरणका आधारमा पनि ओबिओआरका परियोजनाहरूलाई मधेशसँग जोड्नुपर्ने तर्क मधेशका बुद्धिजीविहरूको छ । तर यसको माग राजनीतिक क्षेत्रबाट पनि उठ्नुपर्ने आवश्यक्ता छ ।

# सिप्रदीलाई अवार्ड

काठमाडौं । सिप्रदी ट्रेडिङ्ग प्रा. लि. दुबईमा आयोजित अन्तर्राष्ट्रिय वितरक सम्मेलनमा वर्ष २०१८ का वर्षको वितरक अवार्ड प्राप्त गर्न सफल भएको छ । सन् १९८२ देखि नेपालका लागि टाटा मोटर्स लिमिटेडको आधिकारिक वितरकको रूपमा कार्य गर्दै आएको सिप्रदीले सर्बश्रेष्ठ वितरकको पुरस्कार प्राप्त गरेको हो । बर्षको सर्वश्रेष्ठ वितरकको पुरस्कारका अतिरिक्त सिप्रदीले नयाँ उत्पादनको परिचयका लागि वर्षको वितरक, सर्वश्रेष्ठ ग्राहक सेवालगायत विभिन्न विधाका अन्य दश पुरस्कार प्राप्त गर्ने सफल भएको हो ।

## आर्थिक समाचार

### "कल आयो पैसा पायो" अफर

काठमाडौं । एनसेल प्राईभेट लिमिटेडले आफ्नो कस्टमर लोयल्टि कार्यक्रम अन्तर्गत ग्राहकहरूले औधि मन पराएको आकर्षक अफर 'कल आयो पैसा पायो' यो वर्ष पनि ल्याएको छ । यस योजना अन्तर्गत ग्राहकले अब विश्वका जुन सुकै देशबाट आएको अर्न्तराष्ट्रिय आगमन कलमा दुई मिनेट वा सो भन्दा बढि कुरा गर्दा प्रत्येक मिनेट रू २ बोनस स्वरूप प्राप्त गर्नेछन् । यो अफर सोमबार (वैशाख १६) लागु भई तीन महिनासम्म जारी रहनेछ । एनसेलका ग्राहकले विदेशबाट आफ्ना आफन्त, साथीभाई र परिवारजनले गरेको कलमा कुरा गर्दा पहिलो दुई मिनेट पश्चात १० मिनेटसम्म प्रत्येक मिनेटको रू २ को दरले बोनस पाउनेछन् । यसको अर्थ अर्न्तराष्ट्रिय आगमन कलमा कुरा गर्दा ग्राहकले रू १८ सम्म बोनस प्राप्त गर्नेछन् ।
यसरी प्राप्त बोनस ७ दिनका लागि मान्य हुनेछ । ग्राहकले उक्त बोनस एनसेलको नेटवर्क भित्र कुरा गर्न, एसएमएस पठाउन र इन्टरनेट चलाउन समेत प्रयोग गर्न सक्छन् । एनसेलका सबै प्रिपेड तथा पोष्टपेड ग्राहकले १७१२६ मा डायल गरि यो योजना नि:शुल्क सुचारू गरी लाभ लिन सक्छन् । त्यसैगरी, ग्राहकले अंग्रेजीमा 'ए' टाइप गरी १७१२६ मा एसएमएस पठाएर पनि यो बोनस योजनामा सामेल हुन सक्छन् ।
बोनसका साथै, अर्न्तराष्ट्रिय आगमन कलमा कुरा गरी यस योजनाको मापदण्ड पुरा गरेका ग्राहकले प्रत्येक हप्ता सामसुङ्ग ग्यालेक्सी ए ट्वान्टी स्मार्टफोन पनि जित्न सक्नेछन् । यो योजना अवधिभर प्रत्येक हप्ता १० जना ग्राहकले १/१ थान स्मार्टफोन पाउनेछन् । एक हप्ताको समयावधिमा ग्राहकले पाएको बोनस, अर्न्तराष्ट्रिय आगमन कलको संख्या र औसत कलको समय अनुसार विजेताको छनोट गरिनेछ ।

### ग्लोबल आइएमईको शाखारहित सेवा

काठमाडौं । ग्लोबल आइएमई बैंकले विभिन्न जिल्लाहरूमा थप ५ वटा शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । बैंकले अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिका - १०, धनचौरमा १२७औं, कास्की जिल्लाको रूपा गाउँपालिका - ६, रूपाकोटमा १२८औं, सुनसरी जिल्लाको कोशी गाउँपालिका- ३, जमुवामा १२९औं, लमजुङ्ग जिल्लाको राइनास नगरपालिका-५, सातबिसेमा १३०औं र सोही जिल्लाकै राइनास नगरपालिका- ६, धमिलिकुवामा १३१औं शाखारहित बैंकिङ्ग सेवाको शुरूवात गरेको हो । यी पाँचै वटा शाखारहित बैंकिङ्ग सेवाहरू स्थानीय जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवि तथा स्थानीयवासीहरूको रोहवरमा उद्घाटन भएका हुन् । शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानीय बासिन्दाले स्थानीय प्रतिनिधिमार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्ने, डिस होम/सीडीएमए/युटिएलको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन् । कृषि, रेमिट्यान्स तथा पर्यटन मुख्य आयस्रोत रहेको यी क्षेत्रका बासिन्दा बैंकिङ्ग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउनका लागि ग्लोबल आइएमई बैंकले ति स्थानहरूमा शाखारहित बैंकिङ्ग सेवा शुरू गरेको हो ।

### बैंकासुरेन्स सम्झौता

काठमाडौं । आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड सनराइज बैंक लिमिटेड काठमाडौंबीच बैंक अस्योरेन्स सम्झौता भएको छ । उक्त बैंक अस्योरेन्स सम्झौतामा इन्स्योरेन्स कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत चन्द्र भट्ट र सनराइज बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रत्न राज बज्राचार्यले हस्ताक्षर गरेका छन् । सो बैंक अस्योरेन्स सम्झौतापश्चात् सर्वसाधारण तथा बैंकका ग्राहकहरूले सनराइज बैंक लिमिटेडको कुनै पनि शाखाबाट छिटो, छरितो र सहज रूपमा आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको जीवन बीमा गराउनका साथै जीवन बीमा सम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् । आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले हाल ७४ शाखाहरू मार्फत सेवा प्रदान गर्दै आइरहेको छ भने विभिन्न १० वटा योजनाहरू बजारमा ल्याएको छ । कम्पनीले सरल सावधिक, बाल शिक्षा, आजिवन, नगद फिर्ता, साढे तीन गुणा रक्षावरण, नगद फिर्ता तथा आजिवन लगायतका बीमा योजनाहरू ल्याएको छ । आइ.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मुख्य उद्देश्य न्यूनभन्दा न्यून आय भएका शहरी तथा ग्रामिण भेगका व्यक्तिहरूको समेत जीवन बीमामा पहुँच पुर्‍याई नेपालमा जीवन बीमा विस्तार गर्नु रहेको छ ।

# प्राङ्गारिक अन्तर्राष्ट्रिय सम्मेलनमा भारतसहित पाँच देशको सहभागिता

काठमाडौं । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दुई दिने अन्तर्राष्ट्रिय प्राङ्गारिक विज्ञ सम्मेलन आयोजना गर्ने भएको छ । रासायनिक मल र विषादी निरूत्साहित गरी प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न सम्मेलन आयोजना गर्न लागिएको हो । प्राङ्गारिक कृषि प्रवर्द्धन उच्चस्तरीय कार्यदलको मन्त्रालयमा बसेको तेस्रो बैठकले यस्तो निर्णय गरेको हो । सम्मेलन आगामी बैशाख ३१ र जेष्ठ १ गते काठमाडौमा हुनेछ । सम्मेलन भारत, भुटान, क्युवा, र स्पेनका प्राङगारिक विज्ञ आउने छन् । सम्मेलनमा स्वदेशी र विदेशी गरी करीब १ सय ५० जना विज्ञको सहाभागिता रहने कार्यदलले जनाएको छ ।

# "निजगढ-मुज्जफरपुर जोडिने बाटो निर्माण हुन्छ"

रौतहट । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता तथा प्रतिनिधिसभा सदस्य अनिल कुमार झाले निजगढदेखि गौर हुँदै भारतको मुज्जफरपुरसम्म जोडिने बाटो बनाउने लक्ष्य रहेको बताएका छन् । उनले आफूले विकास र अधिकारका लागि जहिले पनि संघर्षरत् बताए । निजगढदेखि गौरहुँदै मुज्जफरपुरसम्मको सडक विस्तारपछि यहाँका स्थानीयलाई धेरै सहज हुने बताएका थिए । भारतमा निर्वाचन भएकोले भारतीय नेताहरूसँगको छलफल हुन नसकेको उनले बताए । निर्वाचन पछि नेपाल र भारतका नेताहरूको सेमिनार आयोजना गरी यो विषयमा छलफल गर्ने जानकारी दिए ।




# भारतीय गायक कुमार सानुको स्वरमा नेपाली गीत



काठमाडौं । थुप्रै चर्चित नेपाली गीतहरूमा स्वर दिएका प्रसिद्द भारतीय गायक कुमार सानुको स्वरमा 'सयौं जुनी सँगै' गीत सार्वजनिक भएको छ । संगीतकार युग भुसालको संगीतमा सजिएको गीत कृसु क्षेत्रीको शब्दमा सजिएको छ । दिलीप सनमको निर्देशनमा म्युजिक भिडियो हालै रिलीज़ भएको छ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं